तत्कालिन व्यवस्थापक लक्ष्मी प्रसाद पौडेल मध्ये कुनै दुई जनाको हस्ताक्षरबाट खाता सञ्चालन हुने व्यवस्था मिलाइएको कारण उक्त काम कारवाहीको क्रममा कम्पनीमा भएका सम्झौता र सहमति तथा कम्पनीको बोर्ड बैठकबाट पारित भए बमोजिम र कम्पनीको कार्यकारी अध्यक्षको निर्देशन बमोजिम म र लक्ष्मी प्रसाद पौडेलको हस्ताक्षरबाट विभिन्न व्यक्तिहरू वा कम्पनीको नाउँमा चेक काटिएको रहेछ, कम्पनीले निकिता पौडेलले सञ्चालन गरेको गोपीकृष्ण मुभिज प्राईभेट लिमिटेडसँग टि.भि. फिल्मी लगायतको कार्यक्रम, सामाग्री र जनशक्ती समेत उपलब्ध गराए बापत दुई कम्पनी विच भएको सम्झौता बमोजिम सो रकम अध्यक्ष निकिता पौडेलको नाउँमा चेक मार्फत भुक्तानी दिइएको सम्बन्धमा गितेन्द्र बाबु राई, लक्ष्मी प्रसाद पौडेल र रवि लामिछानेलाई थाहा हुनु पर्छ, शिब बहादुर गुरुङको नाममा रहेको नबिल बैंक लिमिटेडको खाता नं. 611001500729 मा तपाईले रु. ५ लाख २५ हजार जम्मा गरेको रकम व्यक्तिगत लेनदेन कारोवार हो, कम्पनी ऐनको अधिनमा रहेर गोर्खा मिडिया र नेचर हर्ब्स सञ्चालनमा आएको हो। सोही कारण सम्पूर्ण वार्षिक लेखा परीक्षण प्रतिवेदन लगायतको विवरण कम्पनी रजिष्ट्रारको कार्यालयले स्वीकार गरी नविकरण समेत गरेको अवस्था छ। कानून सम्मत तवरबाट गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेड र नेचर हर्ब्स इन्टरनेशनल प्राईभेट लिमिटेड दर्ता आफ्नै प्रवन्धपत्र नियमावलीमा केन्द्रीत भएर सञ्चालन भएको हो, मेरो थाहा जानकारी वेगर पृष्ठभूमीमा झुक्याई छक्याई गरिएका कार्यहरू भएका रहेछन् भने त्यसमा मेरो संलग्नता हुने कुरा रहँदैन। यस्ता कार्यमा मेरो संलग्नता मात्र होईन जानकारी समेत नभएको कुरा स्थापित समेत भई सकेको विषय हो। म बाट गैर कानूनी कार्य नभएको र सहकारीको रकम अपचलन गरी वा कसूरबाट गोर्खा मिडियाबाट प्राप्त रकमलाई निसर्ग गर्ने, धारणा गर्ने वा प्रयोग गर्ने कार्य मबाट नभएको हुँदा यस सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा समेत म निर्दोश छु भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय कास्कीको च.नं. ११५६१, मिति २०८१।०९।०८ गतेको पत्र साथ प्राप्त प्रतिवादी छविलाल जोशीको थप बयान।

९. **प्रतिवादी रवि लामिछानेको बयान:**

मैले हाल सम्म अमेरीका, वेलायत, जापान, भारत, मलेसिया, अष्ट्रेलिया, क्यानाडा, दक्षिण कोरिया, साउदी अरव लगायतका विदेशी मुलुकहरूको भ्रमण गरेको छु । मैले विदेशी मुलुकमा रहँदा प्राप्त गरेको स्थायी बसोबास अनुमतिपत्र लगायतका सम्पुर्ण हैसियत कानुनी रुपमा परित्याग गरिसकेको छु । नेपालको सम्मानित सर्वोच्च अदालतबाट यस सम्बन्धि अन्तिम फैसला समेत भईसकेको छ । म करिव १३ वर्ष अमेरिकामा बसेको थिएँ । म र मेरो परिवारका नाउँमा विदेशको कुनै फर्म कम्पनी वा संस्थाहरूमा लगानी छैन । स्वदेशमा मेरो कुनै संस्थामा लगानी छैन । मेरी श्रीमति निकिता पौडेल विगत १५ वर्ष देखि स्थापित सञ्चार उद्यमी हुन् । उनको विभिन्न निजी व्यवसायिक कम्पनीहरूमा संलग्नता छ । कुनै समय मेरो नेतृत्वमा स्थापनमा भएको गैह्र नाफामुलक संस्था रवि लामिछाने फाउण्डेसन अहिले मेरी श्रीमति निकिता पौडेलको नेतृत्वमा विद्यमान छ । व्यवसाय, घर र सवारी कर्जाका रुपमा हाम्रो विभिन्न बैंकहरूमा ऋण छ । त्यसको पुर्ण विवरण मलाई सम्झना भएन । मेरो नाउँमा कही कतै कुनै शेयर छैन । सो सम्वन्धी स. ज. १० मा मेरो सम्पत्ति विवरणमा सम्पुर्ण व्यहोरा उल्लेख गरिदिएको छु । रवि लामिछाने फाउण्डेसन एउटा गैह्र नाफामुलक सामाजिक संस्था हो । संसार भरी नै सामाजिक पुँजी भएका र प्रतिष्ठा आर्जन गरेका मानिसहरूले समाजलाई योगदान दिने हेतुले यस्ता संस्थाहरू

खोल्ने प्रचलन छ । नेपालमा पनि यो प्रचलनमा नै छ । म टेलिभिजन कार्यक्रम सञ्चालक रहँदा मेरो कार्यक्रममा प्रस्तुत हुने विषयवस्तुमा आधारित रहेर पीडितहरूलाई सहयोग गर्न चहानेहरू संसार भरीबाट सम्पर्कमा आउन थाले । त्यसलाई व्यवस्थित र पारदर्शी बनाउन संस्थागत रुपमा नै सहयोग गर्ने उद्देश्यले मैले सो फाउण्डेसन शुरु गरेको हुँ । यसै फाउण्डेसनको सक्रियतामा कालिकोटको रासकोटमा १५ वेडको अस्पताल समेत निर्माण भयो । संस्थाको पारदर्शिता र कामबाट प्रभावित भई नेपाल सरकारले समेत फाउण्डेसनलाई सहयोग गरेको थियो । म राजनितिमा प्रवेश गरे पछि मेरो नामको यो फाउण्डेसन अहिले पत्नी निकिता पौडेलले व्यवस्थापन गरिरहेकी छिन् । यो संस्था समाज कल्याण परिषद् अन्तर्गत सुचारु छ । यस्ले आवश्यक समयमा आफ्नो सम्बन्धित निकायलाई हर हिसाब, नविकरण लगायतका विवरणहरू बुझाउँदै आएको छ । यस फाउण्डेसनको स्रोत संसारभरका शुभेच्छुक एवम् आम नागरिकहरूबाट प्राप्त आर्थिक सहयोग नै रहेको छ । यस सम्बन्धि सम्पुर्ण विवरण समाज कल्याण परिषदमा सुरक्षीत रहेकै छ । म News 24 TV मा कार्यरत थिए । सो वेला कार्यक्रमको लोकप्रियता र कार्यक्रममार्फत टेलिभिजनको आम्दानी निकै गुणा बढी सकेको थियो । तुलनात्मक रूपमा मेरो सेवा सुविधा बढेको थिएन । यद्दपी सिधाकुरा जनतासँगको ट्रेडमार्क र ब्राण्ड सर्वाधिकार मेरो नाउँमा उद्योग विभागमा दर्ता भई सुरक्षित थियो । कार्यक्रमको लोकप्रियता बढेसँगै ३ वटा टेलिभिजन कम्पनीबाट विभिन्न समयमा काम गर्ने प्रस्ताव आयो । यी प्रस्तावहरूमा ट्रेडमार्कको अधिकार रहित र अधिकार सहितमा छलफलहरू चलेका थिए । मेरो कार्यक्रम मात्रको आम्दानीले नै लगभग टेलिभिजनको खर्च धान्न सक्ने अवस्था थियो । सिङ्गो टेलिभिजनको लोकप्रियताले थप आम्दानीमा अत्यन्तै टेवा दियो, जसको कारण मेरो माग कुनै टेलिभिजनबाट मासिक १२ लाख तलब सहितको सुविधा, कुनै टेलिभिजनले साढे ८ लाख तलब सहितको सुविधा दिने भनि प्रस्ताव आएका थिए । यी छलफलहरू बीच मैले New 24 TV छोड्ने निधो गरेर करिब ३ महिना अगाडी नै टेलिभिजन सञ्चालकलाई आधिकारीक रूपमा जानकारी दिई राजिनामा समेत बुझाई सकेको थिए । तत् पश्चात छविलाल जोशीले पटक-पटक सम्पर्क गरिसके पछि गितेन्द्र बाबु राईसँग भेटघाट भएको हो । गोरखा मिडिया नेटवर्क प्राईभेट लिमिटेडका कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राई समेतसँग छलफल कुराकानी हुने क्रममा उनले गोरखा मिडिया नेटवर्क प्राईभेट लिमिटेड अन्तराष्ट्रिय स्तरमा समेत ब्राण्ड हुने गरी नयाँ र 4K प्रविधि जडित अत्याधुनिक टेलिभिजन निर्माण गरी सञ्चालनमा ल्याउने र टेलिभिजन खोल्नको लागि मलाई समेत जिम्मेवारी दिने भनि आकर्षक प्रस्ताव राख्नु भएकोले मैले उहाँसँग सहकार्य गर्न सहमति जनाएको अवस्था थियो । यसैबीच उक्त टेलिभिजन खोल्नको लागि गितेन्द्र बाबु राई र छविलाल जोशीले कम्पनी दर्ता गर्ने लगायतका काम सुरु गर्ने क्रममा मलाई उहाँहरूले सिधाकुरा जनतासँगको कार्यक्रम प्रस्तोतकर्ता र टेलिभिजन सञ्चालनको लागि आवश्यक पर्ने सामग्री, कार्यक्रम र समाचारका कन्टेन्ट आदिको जिम्मेवारी दिनु भएको थियो । उक्त जिम्मेवारी दिदै गर्दा मलाई कम्पनीले टेलिभिजन कार्यक्रम र समाचारको जिम्मेवारी दिने, मेरो नाउँमा रहेको सिधाकुरा जनतासँगको ट्रेडमार्कको सर्वाधिकारमा मेरो दाबी नरहने, मलाई १५% नि:शुल्क शेयर कम्पनी छाड्दाको अवस्थामा फिर्ता गर्ने गरी उपलब्ध गराउने र त्यसको सम्पुर्ण आर्थिक व्यवस्थापनको जिम्मेवारी गितेन्द्र बाबु राईले लिने आदि प्रकारबाट गोरखा मिडियामा कर्मचारीको रूपमा जोडिदा गोरखा मिडियाले मलाई सम्झौता बमोजिमको केही रकम विभिन्न समय र माध्यमबाट उपलब्ध

गराएको थियो । आवश्यक पर्दा एडभान्स समेत सहजै दिने समझदारी थियो । मेरो मासिक तलब सुरुवाती चरणमा ५ लाख दिने र पछि बढ्दै जाने समझदारी भएको हो । मेरो कार्यक्रमको ट्रेडमार्क सर्वाधिकार (पेटेन्ट राईट) मा मेरो दाबी नरहने समेत सहमति भएको थियो । कालान्तरमा यो सहमति अनुरूप सबै कुरा पुरा त भएनन् तथापी करोडौँ व्यापार गर्ने सिधाकुरा जनतासँगको ट्रेडमार्क राईट आज पनि मसँग नभई गोरखा मिडिया नेटवर्कसँग मात्र छ । कम्पनीको प्रवन्ध निर्देशक लक्ष्मी प्रसाद पौडेल कारणवस कम्पनीबाट अलग भएपछि तत्कालको लागि उक्त जिम्मेवारी मिति २०७७।०९।३० गते देखि मलाई दिइएको हो । सो जिम्मेवारीको नियुक्ती पत्रमा नै मेरो पद प्रवन्ध निर्देशक, नियुक्तीको किसिम स्थायी, परीक्षणकाल ६ महिना, मासिक पारिश्रमिक रु. ५,००,०००।– (पाँच लाख), कार्यक्षेत्र देशभर र अन्य सुविधा कम्पनीको नियमानुसार भनि तोकिएको अवस्था छ । मैले प्राप्त गर्ने तलब कर कट्टा गरी आउने गर्थ्यो । कुनै विमा गरेको छैन । ग्यालेक्सी टिभिबाट स्वचालित प्रक्रियामा सामाजिक सुरक्षामा कोषमा केही रकम काट्टा हुन्थ्यो । मैले उक्त कम्पनीबाट नियुक्तिपत्रमा निर्धारण गरिए अनुसार मासिक पारिश्रमिक, गाडी, इन्धन, चालक भत्ता लगायतको विविध सेवा सुविधा कम्पनीले नै म्यानेज गरेको थियो । मलाई कम्पनीले २०७७ साल चैत्र महिनामा दिएको र २०७८ साल बैशाख महिनामा प्रमाणित भएको १५% नि:शुल्क शेयरको वोनस मैले एक रुपैयाँ पनि बुझेको थिइन/छैन र कम्पनी छोड्दा पनि उक्त शेयर रकम लिई विक्री गरेको नभई कागजी रूपमा मात्र लिने दिने गरिएको हो । कम्पनीले मलाई प्रदान गरेको तलब, भत्ता कर कट्टा गरेर मेरो ग्लोबल आईएमई बैंकको खातामा जम्मा गर्ने गरेको थियो । मेरो नाउँमा रहेको सिधाकुरा जनतासँगको सर्वाधिकारमा नै मेरो दावी नलाग्ने कारणले मलाई चरणबद्ध रुपमा भक्तानीहरू कम्पनीले दिने समझदारी, सहमति थियो । सोही अन्तर्गतको भुक्तानी र आफ्नो खर्चको लागि केही अन्य रकम पेश्की लिएको हुनसक्छु तर म कम्पनीबाट अलग हुँदा मैले कम्पनीलाई तिर्न बुझाउनु पर्ने पेश्की लगायतको सबै हिसाब पूर्ण रूपमा फरफराख गरी कम्पनीबाट आधिकारिक र औपचारिक रूपमा बाहिर आएको हुँ । सम्झौता, सहमति बमोजिमको रकम मध्ये केही रकम विभिन्न समयमा विभिन्न व्यक्ति मार्फत बैंक डिपोजिट मार्फत प्राप्त भएको भएतापनि तोकिएको समयमा मैले पाउनु पर्ने रकम प्राप्त गरेको भने थिइन तर पछि त्यसमा मेरो गुनासो रहेन । सबै फर्छौट गरी, मिलान गरी सहमति र समझदारीमा कम्पनीबाट औपचारिक रूपमाबिदा भएको हुँ ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय कानून तथा कार्यान्वयन फैसला शाखा, हेटौडाको च.नं.४२९, मिति २०८०/१०/०४ गतेको पत्र तथा सो संलग्न कागजातहरूको व्यहोरा पढी वाची सुनाउँदा व्यहोरा सुनी अवगत भयो । स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी सस्था लि. मा मेरो कुनै किसिमको प्रत्यक्ष एवम् अप्रत्यक्ष संलग्नता छैन । साथै म र मेरो परिवारका कुनै सदस्यहरूले यस सहकारीमा कुनै किसिमको खाता खोली ऋण लिने तथा बचत गर्ने समेतको कार्य गरे गरेका छैनौँ । स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. को GCS Banking Software System मा रहेको भनि देखाईएको विवरणमा के कुन कारणले को कसले के कस्तो आधारमा मेरो नाम उल्लेख गऱ्यो त्यसबारे मलाई जानकारी छैन । मैले उल्लिखित सहकारीमा ऋण माग गरेको छैन, ऋण माग गर्न कुनै फाराम भरेको छैन । भौतिक रुपमा र अनलाईनबाट पनि उपरोक्त सहकारीमा कुनै किसिमको उपस्थिति वा सम्बन्ध मेरो थिएन, छैन । मैले माथी उल्लिखित सवारी साधन खरिद गर्न भनि कुनै ऋण सो सहकारीबाट लिएको छैन र उल्लिखित दुवै खाता मेरो होईन । मेरो उक्त स्वर्णलक्ष्मी सहकारी संस्थामा

एकल वा संयुक्त कुनै पनि खाता छैन, खाता खोल्न एकल वा संयुक्त रुपमा कहीँले निवेदन दिएको पनि छैन। मलाई देखाईएको विवरणमा मैले निवेदन दिएको हस्ताक्षर गरेको औठाछाप गरेको वा कुनै किसिमको फाराम भरेको समेत छैन। म उक्त स्वर्णलक्ष्मी सहकारीको बचतकर्ता सदस्य ऋणी, कर्मचारी लगायतको कुनै पनि जिम्मेवारीमा भएको व्यक्ति होईन। मिसिल संलग्न भनिएको GCS Banking Software System कस्ले बनायो, कस्को नियन्त्रणमा छ, त्यो मलाई जानकारी छैन। संसदीय छानविन समितिले समेत सहकारीबाट रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा ल्याउने सम्पुर्ण प्रक्रियामा मेरो संलग्नता छैन भनेर पृष्ठ नम्बर ४४९ मा प्रष्ट लेखिएको छ। सहकारी सञ्चालकहरूको आफ्नो सहकारी, उसैको सफ्टवयर, उसैका कर्मचारी, उसैको सिस्टम भए पछि जस्को नाम राख्न पनि सकिने होला। मैले सहकारीमा ऋण वा सदस्यताको लागि कुनै निवेदन दिएको छैन, हस्ताक्षर गर्ने, औठाछाप लगाउने लगायतको कुनै कार्य गरेको छैन। तसर्थ माथी म समेतको नाउँमा खोलिएको खातामा उल्लिखित कारोबार बारे म अनविज्ञ छु। मैले माथिल्ला सवालहरूमा भने जस्तै म उल्लिखित सहकारीको कुनै पनि हैसियतमा नभएको र हुनका लागि कुनै निवेदन समेत नदिएको, साथै उक्त सहकारीमा कहिल्यै कुनै प्रयोजनका लागि पनि आफू उपस्थित नभएको हुँदा देखाईएको खाता प्रति म अनविज्ञ छु। खाता खोल्ने कुनै पनि प्रक्रियामा म सहभागि नभएको हुँदा मेरो सहभागिता विनानै के कुन कारणले मेरो नाम उल्लेख भयो, मलाई जानकारी छैन। उल्लिखित खाता खोल्ने, खाता खोल्न निवेदन दिने र खाता सञ्चालन गर्ने व्यक्ति म होईन। कुनै पनि सहकारीमा खाता खोल्न वा सदस्य हुन निश्चित्त विधि अनिवार्य हुन्छ भन्ने मेरो बुझाई हो तर विना हस्ताक्षर, विना औठाछाप, विना KYC फारम, विना उपस्थिति, विना धितो खोलिएको ऋण खाता प्रथम दृष्टि मै फर्जी हुन आउछ। विभिन्न अनुसन्धान र प्रतिवेदनहरूले उल्लिखित सहकारी लगायत गितेन्द्र बाबु राई संलग्न रहेको सहकारी संस्थाहरूमा कीर्ते गरी विधि प्रक्रिया नपुऱ्याई सयौँ मानिसको नाममा नक्कली खाता खोली उनिहरूलाई नक्कली ऋणी वनाईएको भनि सार्वजनिक भएको सुनेको हुँ। तसर्थ मेरा सन्दर्भमा पनि फर्जी खाता खोलिएको हो भन्ने कुरामा कुनै दुविधा छैन। सहकारी सँग मेरो कुनै पनि किसिमको साईनो तथा कारोबार थिएन, छैन। संसदिय छानविन समितिको प्रतिवेदनबाट नै स्पष्ट हुन्छ की कुनै पनि सहकारीबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. मा रकम ल्याउने सम्पुर्ण प्रक्रियामा मेरो संलग्नता छैन, यसर्थ सहकारीसँग सम्बन्धित विषयहरू के कसो हुन्, मलाई थाहा जानकारी हुने कुरा भएन। जाहेरवालाहरूले भने अनुसार बचतकर्ताहरूको रकम फिर्ता हुनुपर्छ भन्ने कुरामा मेरो दुई फरकमत छैन तर सहकारीको रकम अपचलन गर्ने कुरामा संलग्न व्यक्तिको रुपमा म नभएको कारणले सहकारीको वारे उठेका प्रश्न र व्यक्तिहरूबारे मलाई जानकारी छैन। उक्त सहकारीमा कस्ले के कस्तो आश्वासन दिएर क कस्लाई खाता खोल्न लगायो र को कस्ले के कस्ता प्रतिवद्धता पुरा गरेनन् भन्ने बारेमा मलाई जानकारी छैन। गोरखा मिडिया नेटवर्क प्रा.लि. मा आफुले पाएको जिम्मेवारीको मातहतमा रही भए गरेका मिडिया सम्बन्धी कामहरूमा मेरो जवाफ देहिता रहन्छ, तर सहकारीसँग मेरो कुनै किसिमको संलग्नता सहभागिता थिएन छैन। विश्व गुणस्तरिय टेलिभिजन संचालन गर्ने उद्देश्यय सहित छविलाल जोशी मार्फत गितेन्द्र बाबु राई मेरो सम्पर्कमा आउनु भयो। त्यस वखत म न्युज २४ टेलिभिजनमा कार्यरत रहेकोले म राम्रो अवसरको खोजीमा थिएँ। विभिन्न टेलिभिजन कम्पनीबाट राम्रा राम्रा प्रस्तावहरू आएका थिए तर ती मध्ये छविलाल जोशी र गितेन्द्र बाबु राईको प्रस्ताव सहि लागेर सहकार्य गर्ने

सहमति जुट्यो । औपचारिक रुपमा म २०७७ साल माघ महिनामा जोडिएको हुँ । मेरो प्रमुख जिम्मेवारी कार्यक्रम निर्माण र समाचार लगायत त्यससँग सम्बन्धित संचारकर्मीको समुह तयार गर्नु थियो । न्युज २४ टेलिभिजनमा म रहँदै गर्दा मेरो आगमनलाई सुनिश्चित गर्न मसँग सम्झौता सहमति गरिएको थियो । शुरुमा म प्रवन्ध निर्देशक थिईन, त्यो भुमिकामा लक्ष्मी प्रसाद पौडेल थिए । उनले छोडे पछि मलाई प्रवन्ध निर्देशकको समेत जिम्मेवारी दिईयो । शुरुको सम्झौता सहमतिमा नै मलाई निशुल्क १५% शेयर दिने र उक्त शेयरको व्यवस्थापन गितेन्द्र बाबु राईले नै गरिदिने लिखितम सौम्झौता भएको थियो । पुरानो कुरा भएकाले यो लगायतका कयौँ कागजातहरू पेश गर्ने क्रममा छु । शेयर लगत, नियुक्ति पत्र लगायतका दस्तावेजमा आधिकारिक मितिहरू उल्लेख नै छन् । वयानका क्रममा कास्की प्रहरी कार्यालयमा पनि मैले यी लगायतका कागजातहरू पेश गरेको छु । मैले प्राप्त गरेको शेयरलाई चलनचल्तीको भाषामा स्वेट ईक्युटी (शेयर) भनिन्छ । नेपालमा यस सम्बन्धी स्पष्ट कानुनी व्यवस्था नभए पनि यो आम प्रचलनमा छ । मैले ईमान्दारी पुर्वक आफूसँग भएको कारोबारबारे जानकारी गराएको हुँ । मैले गोरखा मिडिया नेटवर्क प्रा.लि. अन्तर्गतको ग्यालेक्सी टोलिभिजनको आफ्नो कार्यक्रमको पहिलो श्रृंखलामा यो कुरा सार्वजनिक गरेको भिडियो सार्वजनिक रुपमा उपलब्ध छ । प्रक्रिया पुऱ्याउने हेतुले कागजपत्रहरूमा हस्ताक्षर भएका हुन् । तर कागजमा वाहेक पैसाको लेनदेन शेयर खरिद सन्दर्भमा भएको होईन । ग्यालेक्सीबाट विदा भएर जाँदा समेत मैले यो कुराको सार्वजनिककरण गरेको भिडियो समेत उपलब्ध छ । उक्त भिडियोको क्लिपहरू आवश्यक परेका वखत पेश गर्नेछु । साथै कम्पनी छोड्दा शेयर विक्री वापत मैले प्राप्त गरेँ भनेको रकम मेरो खातामा डिपोजिट नभएको प्रमाण सहितको ग्लोवल आइएमई बैंकको च.नं. ३६१, मिति २०८०।१०।०८ गतेको प्राप्त पत्र समेत आवश्यक परेको बखत पेश गर्ने छु । म सँग भएको सहमति सम्झौता कार्यान्वयनका लागि कागजी रुपमा गरिएका हस्ताक्षर र विवरणहरू जुन कम्पनी रजिष्ट्रार कार्यालयमा बुझाईएका छन् ती भने कुनै पनि फर्जी वा कीर्ते होईनन् ।

मिसिल संलग्न मलाई देखाईएको निवेदनको छाँयाकपीमा भएको हस्ताक्षर र औठाछाप मेरो हो तर कम्पनीमा जोडिँदा र कम्पनी छोड्दा मैले शेयर वापतको पैसा लगानी गरेको पनि होईन र लिएर गएको पनि होईन। आफू कम्पनीमा आवद्ध रहँदा के कुन बैंकमा के कति खाता संचालित थिए, त्यो मलाई सम्झना भएन तर बैंक मार्फत भेरिफाई भई प्रमाणित भएका बैंक खाताहरू गोरखा मिडिया सञ्चालन प्रयोजनार्थ खोलिएका छन् जस मध्ये केहीमा म पनि खाता सञ्चालकको रुपमा हस्ताक्षरकर्ता रहेको छु । म शेयर सदस्य हुनुपुर्व नै म सँग नयाँ टेलिभिजनको संचालन गर्नको लागि प्रतिवद्धता लिईएको थियो । त्यसका लागि म सँग सहमति सम्झौता नै गरिएको समेत थियो । मेरो प्रतिबद्धतालाई सुनिश्चित गर्ने उद्देश्ययले उक्त बैंकमा खाता खोलिएको हो । खाता सञ्चालक हुनु वा खाताको हस्ताक्षरकर्ता हुनु भनेको खातामा लगानीकर्ताले गर्ने निक्षेप वा कम्पनीको निर्णय गर्ने व्यक्ति हुनु होईन । खाता संचालनमा मेरो हस्ताक्षर प्रयोग हुने अनुमति वाहेक लगानीकर्ताको रुपमा वा अन्य वित्तिय निर्णयकर्ताको रुपमा मेरो कुनै अधिकार थिएन । मुलभुत रुपमा न्युज २४ टेलिभिजन छाडी उहाँहरूसँग सहकार्यमा आउने कुराको सुनिश्चितताका लागि खाता शुरु गरिएको हुनुपर्दछ भन्ने मलाई लाग्दछ । मलाई देखाईएको KYC फाराम र दस्तखत नमुना कार्डमा भएको मेरो हस्ताक्षर बैंकबाट प्राप्त हुन आएको भए मेरो हो । कम्पनीमा लक्ष्मी प्रसाद पौडेल नरहने भए पछि मलाई प्रवन्ध निर्देशक समेतको जिम्मेवारी लिन भनियो ।

औपचारिक रुपमा कुनै मितिमा निर्णय वा पत्र प्राप्त भए पनि समझदारीहरू चाहीँ उनले छोडे पछि नै भएको थियो। म कार्यरत रहेको अवधिमा गोरखा मिडिया नेटवर्कले स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. लगायत कुनै पनि सहकारीबाट ऋण लिने बोर्ड निर्णय, सम्झौता वा सहमति गरेको थिएन । मेरो कार्यकालमा गोरखा मिडियामा आएको लगानीको स्रोत कार्यकारी अध्यक्ष एवम् लगानीकर्ता गितेन्द्रबाबु राईबाट प्राप्त निर्व्याजी व्यक्तिगत ऋण भनि उल्लेख छ । अधिकार प्राप्त लेखा परीक्षकले परीक्षण गरी प्रमाणित गरी बुझाएको प्रतिवेदनमा समेत गोरखा मिडियामा सहकारी वा कुनै वित्तिय संस्थाको ऋण लिएको उल्लेख छैन । कम्पनी रजिष्टार कार्यालयमा बुझाएको प्रतिवेदनको दफा ५१ को विवरणमा समेत कुनै वित्तिय संस्थाबाट ऋण लिएको उल्लेख छैन । जसलाई कम्पनी रजिष्टर कार्यालयले समेत स्वीकार गरेको छ । संसदीय छानविन समितिले आफ्नो निष्कर्षमा सहकारीबाट रकम ल्याउने सम्पुर्ण प्रक्रिया म रवि लामिछानेको संलग्नता नभएको पुष्टी गरिसकेको सन्दर्भमा उल्लिखित सहकारीबाट रकम ल्याउने कुनै पनि प्रक्रियामा म सहभागी, संलग्न छैन । म निर्दोष छु । माथी उल्लिखित जि.वि.ग्रुप अफ कम्पनि लि. लगायतका अन्य कम्पनीहरू प्रतिवादी गितेन्द्र बाबु राई कै स्वामित्वमा रहेको कम्पनी भनि सुनेको छु । लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको Short term loan कार्यकारी अध्यक्ष एवम् लगानीकर्ता गितेन्द्र बाबु राईले गोरखा मिडिया नेटवर्कलाई उपलब्ध गराएको निर्व्याजी र छोटो समयका लागि भनि दिईएको ऋण हो। यो ऋणको स्रोत व्यक्तिगत रुपमा गितेन्द्र बाबु राई नै हुन् भन्ने कुरा लेखा परीक्षण प्रतिवेदन साथ बुझाएको Management Representation Letter को बुदा नम्बर १६ ले स्पष्ट पार्छ । जसमा लेखिएको छ The company has taken loan of 83,625 from GB Group of companies Pvt.Ltd. and Rs. 227,880,356.67 from Gitendra Babu Rai. Such loan are of short term non-interest bearing in nature and provided for short term financing for the shortfall in working capital. यस वाहेक कम्पनीको वित्तिय र IT सम्बन्धी निर्णयमा कार्यकारी निर्देशक गितेन्द्र बाबु राईको एकाधिकार थियो । गोरखा मिडिया नेटवर्क प्रा.लि. को नियमावलीको नियम १९ को उपनियम ८ अनुसार कुल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरूले अनुमती दिएमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको अन्य विषय (एजेण्डा) मा छलफल र निर्णय गरिने छैन भनिएको छ । उल्लिखित भुक्तानीहरू या त ती व्यक्ति वा कम्पनीहरूसँग गरिएको सहमति सम्झौता बमोजिम या त कार्यकारी अध्यक्षको निर्देशन बमोजिम भुक्तानी वा पेश्की गएको हुनुपर्दछ । भुक्तानी सँगै राखिएका सपोर्टिङ डकुमेण्टहरू हेरेर वा वित्तिय विश्लेषण प्रतिवेदन सहितको लेखा परीक्षण प्रतिवेदन हेरेर बताउन सकिन्छ ।

मेरो प्रमुख जिम्मेवारी कार्यक्रम, समाचार र त्यसैसँग सम्बन्धित सामान्य व्यवस्थापन रहेकाले वित्तिय जिम्मेवारीमा रहेकाहरूले थप कागजातहरू हेरी त्यसलाई स्पष्ट पार्न सक्लान ।गोरखा मिडिया नेटवर्कले विभिन्न कम्पनी व्यक्ति भेण्डर आदिलाई भुक्तानी गर्दा उक्त कम्पनीहरूसँग गरेको सम्झौता सहमतिका साथै कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईको निर्देशनमा उनी नियन्त्रित लेखा प्रणाली मार्पत मात्रै भुक्तानी गरेको हुन्थ्यो । उल्लिखित भुक्तानीहरू यसै अनुरुप भएको हुनुपर्छ । भुक्तानीसँग सम्बन्धित त्यति वेलाका सम्झौता सहमति एवम् निर्देशन सहितका सम्बन्धित कागजातहरूले थप जानकारी प्रदान गर्ला । प्रक्रिया यहिँ थियो । बाँकी मलाई अहिले सम्झना भएन । मेरो कार्यकालमा स्वर्णलक्ष्मी सहकारी लगायत कुनै पनि सहकारीबाट ऋण लिने

सम्बन्धि निर्णय भएको छैन। वोर्ड बैठकका सम्पुर्ण कागजातहरू मिसिल साथ संलग्न नै छन्। गितेन्द्र बाबु राई सम्वद्द विभिन्न सहकारीहरूमा म मात्र होईन, सयौँ व्यक्तिहरूको नाममा फर्जी खाता खोलिएको विषय अनुसन्धानहरूबाट सार्वजनिक भई नै सके। तसर्थ मेरो नाममा खोलिएको भनिएको खातावाल मानिस म होईन। कम्पनीलाई चाहिने आवश्यक लगानीको रकम बैंक तथा वित्तिय संस्थाहरू मार्फत लिने चरणमा पुग्नु पुर्व नै मेरो कार्यकालमा यसका लगानीकर्ता एवम् कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईले व्यक्तिगत ऋण स्वरुप उपलब्ध गराए। जसलाई अधिकार प्राप्त लेखा परीक्षकले प्रमाणित गरी आवश्यक कागजात संलग्न गराएका छन्। उक्त विवरण कम्पनी रजिष्टार कार्यालयमा समेत पेश भई उक्त कार्यालयले सो विवरणलाई स्वीकार गरी कम्पनी नविकरण लगायतका कार्यहरू गर्न गराउन अनुमति दिने क्रमको निरन्तरता गरेकै थियो। यसर्थ मेरो कार्यकालमा भएका खर्चहरूको स्रोतका लागि बैंक तथा वित्तिय संस्थामा जानु पर्ने अवस्था आईपुगेको थिएन। तथापी एक पटक म आफै न्यूरोड स्थित नेपाल बैंक लि. मा ऋण प्रयोजनको लागि पुगेको थिएँ। विविध कारणले उक्त ऋण लिने प्रक्रिया तत्कालका लागि पुरा हुन सकेन। आर्थिक वर्ष ०७७।०७८ को लेखा परीक्षण प्रतिवेदनका विषयमा मात्र म जानकार छु। उक्त वर्षको लेखा परीक्षण प्रतिवेदनमा आएको रकमको स्रोत गितेन्द्र बाबु राइबाट प्राप्त व्यक्तिगत ऋण भन्ने कुराको प्रमाणित प्रतिवेदन मिसिल साथ संलग्न नै छ। गोरखा मिडियालाई उपलव्ध गराएको व्यक्तिगत ऋण उनले कुन श्रोतबाट प्राप्त गरे भन्ने कुराको जानकारी मलाई छैन। मेरो कार्याकाल पछिको वर्षहरूको विषयमा भने मलाई जानकारी भएन। लेखा परीक्षण प्रतिवेदनका विषयमा लेखा परीक्षकलाई नै थाहा होला। म समेत पुर्व सञ्चालक रहेको गोरखा मिडिया नेटवर्क प्रा.लि.मा स्थापना कालमा गितेन्द्र बाबु र छविलाल जोशी सञ्चालक थिए। छविलाल जोशी निकै छोटो समय मात्र रहेका थिए। गितेन्द्र बाबु राई र छविलाल जोशी विचको सम्झौता सम्झदारी बारे म अनविज्ञ छु। शुरुवाती चरणमा प्रवन्ध निर्देशकको रुपमा लक्ष्मी प्रसाद पौडेल हुनुहुन्थ्यो। हाल को को कहाँ कहाँ के गर्दैछन्, मलाई जानकारी छैन। ग्यालेक्सी टेलिभिजन हाल नियमित प्रसारणमा छैन भन्ने सुनेको छु। यस कम्पनीको हालको चल अचल सम्पत्ति बारे यथार्थ मलाई जानकारी छैन। गोरखा मिडिया नेटवर्क प्रा.लि. को सम्पुर्ण वित्तिय जिम्मेवारी यसका लगानीकर्ता गितेन्द्र बाबु राईको थियो। मैले माथीका सवालमा आफू कसरी शेयर सदस्य भए भन्ने कुरा खुलाई सकेको छु। प्रतिवद्धता, सम्झौता र सहमति बमोजिम उत्कृष्ठ टेलिभिजन च्यानल बनाउने जिम्मेवारी मेरो थियो। मेरो शेयर वापतको लगानीको व्यवस्थापन लगायत सम्पुर्ण गोरखा मिडिया नेटवर्क प्रा.लि. मा आवश्यक लगानीको जिम्मेवारी गितेन्द्र बाबु राईको थियो। उनले आफ्नो प्रतिबद्धता के कसरी पुरा गरे, त्यस बारे म जानकार छैन तर कम्पनी रजिष्टार कार्यालयका लागि प्रक्रियागत कागजातहरूमा आवश्यक निर्णय गरी सहि छाप समेत गरी सम्बन्धित निकायहरूमा उपलब्ध गराईएको छ। सञ्चालक समितिका सम्पुर्ण निर्णयहरू, कम्पनीको शेयर लेनदेन सम्बन्धी सम्पुर्ण आवश्यक कागजपत्रहरू कम्पनी रजिष्टार कार्यालयलाई उपयुक्त समयमा उपलब्ध गराईएको हुनुपर्छ। मिसिलमा ती सम्पुर्ण माथी उल्लिखित विषय र प्रक्रियाका कागजातहरू संलग्न होलान्। गोरखा मिडिया नेटवर्क प्रा.लि. को सम्पुर्ण आर्थिक कारोबारको जिम्मेवारी यस कम्पनीका कार्यकारी अध्यक्ष एवम् लगानीकर्ता गितेन्द्र बाबु राईको थियो। नयाँ कम्पनी भएका कारणले र लगानी कर्ताको व्यापार व्यवसाय सात वटा देशमा भएको कारणले उनको व्यस्तताका कारण टेलिभिजन खोल्न ढिला नहोस्

भन्ने उद्देश्ययले म गोरखा मिडिया नेटवर्कका खाता अन्तर्गतका चेकहरूको हस्ताक्षरकर्ता थिएँ, लगानीकर्ता वा वित्तिय जिम्मेवारीमा कहिले पनि थिईन । यस कम्पनीमा मैले एक पैसा पनि लगानी गरेको होईन । करिव ७ महिनाको अवधीमा त्यस्तो विश्व गुणस्तरीय टेलिभिजन खोल्न मैले दिनरात मिहिनेत गरेँ । कुनै पनि कारणले कुनै भेण्डर, कम्पनी आदीको भुक्तानी गर्नु पर्ने चेकमा हस्ताक्षर गर्ने आधिकारिक मानिस कै अभावमा काम रोकिन्थ्यो भने त्यति छिटो उक्त कम्पनी खडा भई प्रसारणमा जान सक्दैन्थ्यो । भुक्तानी दिने रकमको विवरण यसका लगानीकर्ता गितेन्द्र बाबु राई संसारको जुन कुनामा भए पनि जि**.वि. ग्रुप अफ कम्पनिजका कर्मचारी** एवम् **गितेन्द्र बाबु राईको विश्वास पात्ररविना रिमाल**को समन्वयन र अनुमति विना सम्भव थिएन । सम्पूर्ण वित्तिय कारोवार लगानकर्ता गितेन्द्र बाबु राई स्वयमंले आफ्नो पूर्ण नियन्त्रण र निगरानीमा राखी आफ्नो विस्वास पात्रबाट एकिन गरे पश्चातमात्र चेकहरू जारी हुने हुनाले मेरो भूमिका केवल सहजताका लागी हस्ताक्षरकर्ताको रुपमा मात्रै थियो । त्यसैले  मैले खातमा मौज्दात भए नभएको विषयमा साधारण जानकारी लिन समेत आवश्यक थिएन । जारी भएका चेकको अभिलेख व्यक्तिले राख्ने अभ्याश निजि क्षेत्रमा प्राय हुँदैन । त्यस पश्चात पनि गोरखा मिडिया नेटवर्क प्रा.लि. का अप्रेशन प्रमुख पुष्पराज गिरीको हस्ताक्षर पश्चात मात्रै प्रक्रियागत ढंगले चेकहरू हस्ताक्षरका लागी म कहाँ आउथे । **उचित विश्वास (Reasonable Trust) का आधारमा समेत कयौँ खाली चेकहरूमा हस्ताक्षर गर्ने** अभ्यास समेत थियो । कम्पनी स्थापना कालमा रहेकाले भौतिक निर्माण, सामाग्री खरिद, विभिन्न कम्पनीहरूसँगको सम्झौता लगायतका क्रियाकलाप अत्यन्तै धेरै हुने हुँदा सोही अनुपातमा धेरै चेकहरू जारी भएका हुन । जसमा मेरो हस्ताक्षर धेरै भएको हुनुपर्दछ । नयाँ कम्पनीहरूमा स्थापना कालमा बढी कारोबार हुनु सामान्य नै हो । मेरो कार्यकालमा मबाट स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. लगायतका कुनै पनि सहकारीबाट कुनै प्रकारको ऋण वा रकम ल्याउने सहमति वा बोर्ड निर्णय भएको छैन । गोरखा मिडिया नेटवर्क प्रा.लि. का कार्यकारी अध्यक्ष एवम् लगानीकर्ता गितेन्द्र बाबु राईले आफ्नो जिम्मेवारी अन्तर्गत रहेको लगानी ल्याउने कार्य के कसरी गरे त्यो मलाई व्यक्तिगत एवम् संस्थागत रुपमा पनि जानकारी छैन । संस्थाको जानकारी अनुसार उक्त रकम उनले जग्गा समेत विक्री गरी व्यक्तिगत ऋण गोरखा मिडिया नेटवर्कलाई दिएका हुन्। उक्त व्यक्तिगत ऋणको व्यवस्था उनले कुन पृष्ठभुमिमा कसरी गरे भन्ने कुरा मलाई वा अन्य कसैलाई थाहा हुने कुरा भएन । आफू वाहेकका कुनै पनि साझेदारको लगानीको स्रोत सोध्ने अधिकार अर्को साझेदारलाई हुँदैन । त्यसमाथी म त लगानीकर्ता समेत थिईन । यस्तो परिस्थितिमा लगानीको स्रोत सोध्ने मेरो कानुनी एवम् व्यवहारिक हैसित थिएन । सहकारीबाट रकम ल्याउने कुनै पनि प्रक्रिया एवम् योजनामा मेरो संलग्नता, सहभागिता छैन । वित्तिय स्रोतको सम्पुर्ण विवरण लेखा परीक्षण प्रतिवेदनमा समेत उल्लेख छ । आधिकारिक उक्त विवरण भन्दा वाहिरका कुरा मेरो जानकारीमा छैन । उल्लिखित रकम बारे मेरो कार्यकालमा प्रमाणित भई र कम्पनी रजिष्टार कार्यालयमा पेश भएको आधिकारिक लेखा परीक्षण प्रतिवेदनमा कहीँ कतै उल्लेख भएको मैले देखेको छैन । गोरखा मिडिया नेटवर्कका लगानीकर्ता एवम् कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईको यस स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. सँग सम्बद्धता रहेको कुरा पछिल्लो समय जानकारी पाएकाले उक्त रकम के कुन प्रक्रियाबाट के कुन प्रयोजनका लागि को कस्को संलग्नतामा भित्र्याईयो सोको जानकारी मलाई छैन । गैह्रकानुनी ढंगले सहकारीबाट रकम कम्पनीमा

ल्याउने सम्बद्ध व्यक्तिहरूको नै उक्त रकम फिर्ता गर्ने दायित्व हुन्छ । म सहकारीबाट रकम ल्याउने सम्पुर्ण प्रक्रियामा सहभागी नभएको भनि संसदीय छानविन समितिको प्रतिवेदनले समेत पुष्टी गरेको व्यक्ति भएको हुनाले यस विषयमा जानकार छैन । गोरखा मिडिया नेटवर्कको वित्तिय जिम्मेवारी सम्पुर्ण रुपमा कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईको थियो । लगानी ल्याउने सम्पुर्ण प्रक्रियामा उनी सक्रिय र जिम्मेवार थिए । कुनै पनि कम्पनीको प्रबन्ध निर्देशकले दिनानु दिनको बैंक निक्षेप हेर्न सम्भव हुँदैन । यस्तो कार्यका लागि लेखा शाखामा कर्मचारीहरू नै तोकिएका हुन्छन् । लेखा शाखा पुर्ण रुपमा कार्यकारी अध्यक्षको नियन्त्रण र निर्देशनमा चल्थ्यो । उनी लगानीकर्ता भएका कारणले यो स्वभाविक पनि थियो । आवश्यक चालु पुँजीको व्यवस्था निज गितेन्द्र बाबु राईले नै गर्ने भएको हुनाले आवश्यकता अनुसार पुँजी आए नआएको साधारण जानकारी समेत लिनु पर्ने आवश्यकता मलाई परेको थिएन । आधिकारिक लेखा परीक्षण प्रतिवेदनले पनि सहकारीबाट रकम आएको कुरा कही कतै उल्लेख गरेको छैन । बैंक मार्फत हुने निक्षेप र भुक्तानीहरू गैह्रकानुनी भए त्यसको स्रोत हेर्न बैंकहरू पनि अधिकार सम्पन्न छन् भन्ने मेरो बुझाई भएकाले प्रत्येक दिन हुने बैंकिङ कारोबार निग्रानी गरिरहनु पर्ने आवश्यकता महसुश गरिदैन, गरिएन । स्वर्णलक्ष्मी वहुउद्देस्यीय सहकारी संस्था लि. बाट गोरखा मिडिया लगायतका कम्पनीमा रकम लैजान भुमिका निभाउने जो जो छन् ती सबैले यस कार्यको जिम्मा लिई वचतकर्ताको रकम फिर्ता गर्नु पर्छ । यस कार्यमा मेरो कुनै पनि संलग्नता नभएको कुरा संसदीय छानविन समितिले समेत पुष्टी गरेको हुँदा म निर्दोष छु । गोरखा मिडिया नेटवर्क प्रा.लि. ले कुनै पनि सहकारीसँग ऋण लिने वा रकम ल्याउने कुनै पनि किसिमको सम्झौता, सहमति, प्रस्ताव र त्यस उपर बोर्ड निर्णय गरेको छैन । व्यक्तिगत रुपमा गितेन्द्र बाबु राईले उपलब्ध गराएको ऋण नै गोरखा मिडिया नेटवर्कले लिएको ऋण हो । आफूले लिएको ऋण उनले को कोबाट र कहाँ कहाँबाट लिए त्यो मेरो जानकारीको विषय रहेन ।

मेरो कार्यकाल भरी कुनै पनि सहकारी संस्थाबाट ऋण तिर्नु भनि पत्र सुचना प्राप्त भएको थिएन । मेरो कार्यकालमा मात्रै गितेन्द्र बाबु राईबाट लगभग २२ करोड ऋण आएको देखिन्छ । व्यक्तिगत रुपमा कम्पनीमा उनले ल्याएको उक्त ऋणको वित्तिय व्यवस्थापन लगानीकर्ताले गर्न पाउने नै भए र त्यस्तो व्यवस्थापनको जवाफदेहिता पनि उनै लगानीकर्ता गितेन्द्र बाबु राई कै हुन्छ । मेरो काम न्युज रुम र कार्यक्रम उत्पादन मार्फत टेलिभिजनलाई उच्च गुणस्तरमा प्रसारणमा ल्याउने कुरामा सिमित थियो । आधिकारिक रुपमा कम्पनीको जिम्मेवारी कार्यकारी अध्यक्षका हैसियतले गितेन्द्र बाबु राईको थियो । व्यवहार चलाउन बैंकको खाता संचालनमा मेरो नाम पनि थियो तर लेखा शाखा सम्पुर्ण रुपमा गितेन्द्र बाबु राई कै मातहतमा हुन्थ्यो । उनको ईच्छा, ईशारा र निर्देशन विना कम्पनी चल्ने कुरा आउँदैन्थ्यो । जव कम्पनीमा नगद प्रवाहको आवश्यकता पर्थ्यो; असुरक्षित कर्जाको नाममा उनले नै कम्पनीमा नगद प्रवाहको काम गर्थे । त्यसैले गर्दा कम्पनीको लेखामा Chairman's Unsecured Loan देखिन्थ्यो । निजले नै आवश्यक चालु पुँजीको व्यवस्था गर्ने हुँदा निजको सक्रियता निर्देशनमा आवश्यकता अनुसार कम्पनीमा पुँजी आउने र कम्पनीबाट जाने प्रक्रिया स्वभाविक नै भयो । यस क्रममा निजको निर्देशनमा लेखाबाट चेक तयार हुन्थे । कार्यबोझले गर्दा बैंक व्यवस्थापनमा वाधा नहोस भनि खाली चेकमा हस्ताक्षर गरी छाड्ने चलन पनि थियो । जव लेखाको सम्पुर्ण नियन्त्रण यसरी निज गितेन्द्र बाबु राईको हुन्थ्यो भने पछि त्यसमा मैले केही सोच्नु पर्ने अवस्था थिएन । न्युज रुम र टेलिभिजनको स्क्रिनमा

आउने सामग्रीसँग सम्बन्धित प्राविधिक र प्रशासनिक विषयमा कुनै आर्थिक आवश्यकता पर्दा त्यस बारे म लेखालाई जानकारी गराउँथे र गितेन्द्र बाबु राई जहाँ भए पनि उनलाई जानकारी गराई उनको अनुमति र निर्देशनमा आवश्यक व्यवस्था उनैले गर्थे। प्राविधिक रुपमा चेकमा सहि मैले समेत गरे पनि कम्पनीमा जसको लगानी छ उसको सम्पुर्ण नियन्त्रण हुनु सामान्य कुरा नै हो। उनको निर्देशनमा जारी चेकहरू र त्यस वापतका भुक्तानीको जवाफ उनले कम्पनीलाई दिनुपर्ने भएकाले थप प्रश्न गर्नु पर्ने अवस्था थिएन। कम्पनी संचालनका क्रममा उनको निर्देशनमा मात्रै भुक्तानीहरू जाने, एकल नियन्त्रित प्रणाली उनले बनाएका थिए। मलाई हस्ताक्षर गराउन ल्याईएका चेकहरू कुनै पनि गैह्रकानुनी भुक्तानीहरू हुन भन्ने बुझि रहनुपर्ने अवस्था थिएन। कानून बमोजिम नै जारी भएका चेकहरूको भुक्तानी कानून बमोजिम नै हुने गरी कार्यकारी अध्यक्षको निर्देशनमा कम्पनीले दिएको अधिकार र जिम्मेवारीको परिधि भित्र रहि हस्ताक्षर भई प्रक्रियामा गएको हुनुपर्छ। मेरो कार्य क्षेत्रको परिधि मेरो नियुक्ती पत्रले पनि स्पष्ट पार्छ र गोरखा मिडिया नेटवर्कको नियमावलीले समेत यसलाई थप पुष्टी गर्छ। कम्पनीबाट कुनै पनि भुक्तानी दिँदा गितेन्द्र बाबु राईले एउटा यस्तो प्रणाली बनाएका थिए जसमा जि.वि. ग्रुप अफ कम्पनिज् का कर्मचारी रविना रिमालले गितेन्द्र बाबु राई सँग स्वीकृति नलिई त्यो कारोबार अगाडी बढ्दैनथ्यो। त्यस पश्चात पनि कम्पनीका अप्रेशन प्रमुख पुष्पराज गिरीले रुजु गर्ने समेत प्रचलन थियो। म चेकको हस्ताक्षरकर्ता हुनुको अर्थ निश्चित समयमा काम सम्पन्न गर्न वाधा नपुगोस् भन्नका लागि मात्र थियो। लगानीकर्ताको निर्देशन विना र उल्लिखित प्रक्रिया विना मैले कम्पनीको चेक जारी गर्न सक्दैनथें। यसका अलावा म उपत्यका वाहिर गहिरहनु पर्ने अवस्थामा समेत भुक्तानीहरू नरोकियोस् भनेर खाली चेकमा समेत हस्ताक्षर गर्ने अभ्यास थियो। कयौँ पटक विच बाटोमा र एयरपोर्टमा भेटिएर चेकहरू हस्ताक्षर भएको सम्झना छ। उचित विश्वास (Reasonable Trust)का आधारमा यसरी खाली चेकमा हस्ताक्षर गर्ने अभ्यास विना निजि क्षेत्र चल्न पनि सक्दैन। मैले उल्लेख गरेका मध्य कुनै कारण स्वरुप उक्त चेकहरू भुक्तानीका लागि जारी भएका हुनसक्छन्। करिव २२ करोड लगानी गर्ने कार्यकारी अध्यक्षलाई विश्वास नगरी नयाँ कम्पनी चल्न सक्ने अवस्था हुँदैन थियो। पैसा ल्याउनेलाई पैसा मिलाउने अधिकारबाट बञ्चित गर्ने हैसियतमा म थिईनँ। यो सहितका सम्पुर्ण वित्तिय अधिकार कार्यकारी अध्यक्षलाई थियो। भुक्तानीका लागि प्रदान गरिएका चेक सँगै सम्बन्धित कागजातहरू (Supporting Document) हुने गर्थों नभएको अवस्थामा कार्यकारी अध्यक्षको निर्देशन हुने गर्थ्यो। उल्लिखित चेकहरूसँग रहेका ती सम्बन्धित कागजातहरू बारे अहिले मलाई सम्झना छैन। कुनै पनि सहकारीबाट ऋण लिने निर्णय नभएकाले सहकारीमा नै गएका चेकहरू पनि ऋण वापतका भुक्तानीहरू वा किस्ता वापतका भुक्तानी हुन् अथवा Chairman’s Unsecured Loan भनि लगानीकर्ताले लगानी ल्याएकाले सहकारीको ऋण वा त्यसको किस्ताहरू नै हुन् भन्ने बुझ्नु पर्ने कुनै आधार कारण र प्रमाण मलाई उपलब्ध एवम् जानकारी गराईएको थिएन। यदि जानकारी हुन्थ्यो भने त्यस्तो विवरण कम्पनीको लेखा परीक्षण प्रतिवेदनमा अनिवार्य रुपमा हुनुपर्दथ्यो। मेरो कार्यकालको लेखा परीक्षण प्रतिवेदनमा सहकारीबाट ऋण लिएको कहीँ कतै उल्लेख छैन। देखाईएका चेकहरू कुन अवस्थामा जारी भएका हुन् हाल म एकिन साथ भन्न सक्दिन। यस बारे लगानीकर्ता एवम् कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईलाई थाहा जानकारी हुनुपर्दछ। वित्तिय कारोबार मेरो क्षेत्राधिकार नभएका हुनाले मैले जानकारी राखिनँ र जानकारी राख्न आवश्यक पनि

ठानिनँ । यी सहकारीहरूको वारेमा आज जस्तो सार्वजनिक सवाल हिजो उठेको हुन्थ्यो भने सायद मेरो ध्यान आकर्षण पनि हुन्थ्यो होला । तर लगानीकर्ताको निर्देशन पालना गरी कम्पनी सञ्चालनमा आफ्नो पदिय भुमिका निर्वाह गर्दा बैंक तथा वित्तिय संस्था सहकारीहरूलाई कम्पनीले चेक जारी गर्ने विभिन्न कारणहरू हुन सक्लान् भन्ने मेरो सामान्य बुझाई रहेको पनि हुनुपर्दछ । हिजोको परिस्थितिलाई आजको परिस्थितिको सुविधामा बसेर मुल्याङ्कन र विश्लेषण गर्नु अन्यायपूर्ण हुन्छ भन्ने मलाई लाग्दछ । यी वाहेकका अन्य रकम कम्पनीको नाउँमा जारी भएको चेक तथा अन्य कुनै माध्यमबाट भुक्तानी भए नभएको सम्बन्धमा मलाई जानकारी छैन । गोरखा मिडिया नेटवर्क प्रा.लि. ले कुनै पनि सहकारीसँग ऋण लिने वा रकम ल्याउने कुनै पनि किसिमको सम्झौता, सहमति, प्रस्ताव र त्यस उपर बोर्ड निर्णय गरेको छैन । व्यक्तिगत रुपमा गितेन्द्र बाबु राईले उपलब्ध गराएको ऋण नै गोरखा मिडिया नेटवर्कले लिएको ऋण हो । आफूले लिएको ऋण उनले को कोबाट र कहाँ कहाँबाट लिए त्यो मेरो जानकारीको विषय रहेन । मेरो कार्यकाल भरी कुनै पनि सहकारी संस्थाबाट ऋण तिर्नु भनि पत्र सुचना प्राप्त भएको थिएन । मेरो कार्यकालमा मात्रै गितेन्द्र बाबु राईबाट लगभग २२ करोड ऋण आएको देखिन्छ । व्यक्तिगत रुपमा कम्पनीमा उनले ल्याएको उक्त ऋणको वित्तिय व्यवस्थापन लगानीकर्ताले गर्न पाउने नै भए र त्यस्तो व्यवस्थापनको जवाफदेहिता पनि उनै लगानीकर्ता गितेन्द्र बाबु राई कै हुन्छ । मेरो काम न्युज रुम र कार्यक्रम उत्पादन मार्फत टेलिभिजनलाई उच्च गुणस्तरमा प्रसारणमा ल्याउने कुरामा सिमित थियो । आधिकारिक रुपमा कम्पनीको जिम्मेवारी कार्यकारी अध्यक्षका हैसियतले गितेन्द्र बाबु राईको थियो । व्यवहार चलाउन बैंकको खाता संचालनमा मेरो नाम पनि थियो तर लेखा शाखा सम्पुर्ण रुपमा गितेन्द्र बाबु राई कै मातहतमा हुन्थ्यो । उनको ईच्छा, ईशारा र निर्देशन विना कम्पनी चल्ने कुरा आउँदैन्थ्यो । जव कम्पनीमा नगद प्रवाहको आवश्यकता पर्थ्यो; असुरक्षित कर्जाको नाममा उनले नै कम्पनीमा नगद प्रवाहको काम गर्थे । त्यसैले गर्दा कम्पनीको लेखामा Chairman's Unsecured Loan देखिन्थ्यो । निजले नै आवश्यक चालु पुँजीको व्यवस्था गर्ने हुँदा निजको सक्रियता निर्देशनमा आवश्यकता अनुसार कम्पनीमा पुँजी आउने र कम्पनीबाट जाने प्रक्रिया स्वभाविक नै भयो । यस क्रममा निजको निर्देशनमा लेखाबाट चेक तयार हुन्थे । कार्यबोझले गर्दा बैंक व्यवस्थापनमा वाधा नहोस भनि खाली चेकमा हस्ताक्षर गरी छाड्ने चलन पनि थियो । जव लेखाको सम्पुर्ण नियन्त्रण यसरी निज गितेन्द्र बाबु राईको हुन्थ्यो भने पछि त्यसमा मैले केही सोच्नु पर्ने अवस्था थिएन । न्युज रुम र टेलिभिजनको स्क्रिनमा आउने सामग्रीसँग सम्बन्धित प्राविधिक र प्रशासनिक विषयमा कुनै आर्थिक आवश्यकता पर्दा त्यस बारे म लेखालाई जानकारी गराउँथे र गितेन्द्र बाबु राई जहाँ भए पनि उनलाई जानकारी गराई उनको अनुमति र निर्देशनमा आवश्यक व्यवस्था उनैले गर्थे । प्राविधिक रुपमा चेकमा सहि मैले समेत गरे पनि कम्पनीमा जसको लगानी छ उसको सम्पुर्ण नियन्त्रण हुनु सामान्य कुरा नै हो । उनको निर्देशनमा जारी चेकहरू र त्यस वापतका भुक्तानीको जवाफ उनले कम्पनीलाई दिनुपर्ने भएकाले थप प्रश्न गर्नु पर्ने अवस्था थिएन । कम्पनी संचालनका क्रममा उनको निर्देशनमा मात्रै भुक्तानीहरू जाने, एकल नियन्त्रित प्रणाली उनले बनाएका थिए । मलाई हस्ताक्षर गराउन ल्याईएका चेकहरू कुनै पनि गैहृकानुनी भुक्तानीहरू हुन भन्ने बुझि रहनुपर्ने अवस्था थिएन । कानून बमोजिम नै जारी भएका चेकहरूको भुक्तानी कानून बमोजिम नै हुने गरी कार्यकारी अध्यक्षको निर्देशनमा कम्पनीले दिएको अधिकार र जिम्मेवारीको परिधि भित्र रहि हस्ताक्षर भई

प्रक्रियामा गएको हुनुपर्छ । मेरो कार्य क्षेत्रको परिधि मेरो नियुक्ती पत्रले पनि स्पष्ट पार्छ र गोरखा मिडिया नेटवर्कको नियमावलीले समेत यसलाई थप पुष्टी गर्छ । कम्पनीबाट कुनै पनि भुक्तानी दिँदा गितेन्द्र बाबु राईले एउटा यस्तो प्रणाली बनाएका थिए जसमा जि.वि. ग्रुप अफ कम्पनिज् का कर्मचारी रविना रिमालले गितेन्द्र बाबु राई सँग स्वीकृति नलिई त्यो कारोबार अगाडी बढ्दैनथ्यो । त्यस पश्चात पनि कम्पनीका अप्रेशन प्रमुख पुष्पराज गिरीले रुजु गर्ने समेत प्रचलन थियो । म चेकको हस्ताक्षरकर्ता हुनुको अर्थ निश्चित समयमा काम सम्पन्न गर्न वाधा नपुगोस् भन्नका लागि मात्र थियो । लगानीकर्ताको निर्देशन विना र उल्लिखित प्रक्रिया विना मैले कम्पनीको चेक जारी गर्न सक्दैनथें । यसका अलावा म उपत्यका वाहिर गहिरहनु पर्ने अवस्थामा समेत भुक्तानीहरू नरोकियोस् भनेर खाली चेकमा समेत हस्ताक्षर गर्ने अभ्यास थियो । कयौँ पटक विच बाटोमा र एयरपोर्टमा भेटिएर चेकहरू हस्ताक्षर भएको सम्झना छ । उचित विश्वास (Reasonable Trust)का आधारमा यसरी खाली चेकमा हस्ताक्षर गर्ने अभ्यास विना निजि क्षेत्र चल्न पनि सक्दैन । मैले उल्लेख गरेका मध्य कुनै कारण स्वरुप उक्त चेकहरू भुक्तानीका लागि जारी भएका हुनसक्छन्। करिव २२ करोड लगानी गर्ने कार्यकारी अध्यक्षलाई विश्वास नगरी नयाँ कम्पनी चल्न सक्ने अवस्था हुँदैन थियो। पैसा ल्याउनेलाई पैसा मिलाउने अधिकारबाट बञ्चित गर्ने हैसियतमा म थिईनँ । यो सहितका सम्पुर्ण वित्तिय अधिकार कार्यकारी अध्यक्षलाई थियो । भुक्तानीका लागि प्रदान गरिएका चेक सँगै सम्बन्धित कागजातहरू (Supporting Document) हुने गर्थें । नभएको अवस्थामा कार्यकारी अध्यक्षको निर्देशन हुने गर्थ्यो । उल्लिखित चेकहरूसँग रहेका ती सम्बन्धित कागजातहरू बारे अहिले मलाई सम्झना छैन । कुनै पनि सहकारीबाट ऋण लिने निर्णय नभएकाले सहकारीमा नै गएका चेकहरू पनि ऋण वापतका भुक्तानीहरू वा किस्ता वापतका भुक्तानी हुन् अथवा Chairman's Unsecured Loan भनि लगानीकर्ताले लगानी ल्याएकाले सहकारीको ऋण वा त्यसको किस्ताहरू नै हुन् भन्ने बुझ्नु पर्ने कुनै आधार कारण र प्रमाण मलाई उपलब्ध एवम् जानकारी गराईएको थिएन । यदि जानकारी हुन्थ्यो भने त्यस्तो विवरण कम्पनीको लेखा परीक्षण प्रतिवेदनमा अनिवार्य रुपमा हुनुपर्दथ्यो । मेरो कार्यकालको लेखा परीक्षण प्रतिवेदनमा सहकारीबाट ऋण लिएको कहीँ कतै उल्लेख छैन । देखाईएका चेकहरू कुन अवस्थामा जारी भएका हुन् हाल म एकिन साथ भन्न सक्दिन । यस बारे लगानीकर्ता एवम् कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईलाई थाहा जानकारी हुनुपर्दछ । वित्तिय कारोबार मेरो क्षेत्राधिकार नभएका हुनाले मैले जानकारी राखिनँ र जानकारी राख्न आवश्यक पनि ठानिनँ । यी सहकारीहरूको वारेमा आज जस्तो सार्वजनिक सवाल हिजो उठेको हुन्थ्यो भने सायद मेरो ध्यान आकर्षण पनि हुन्थ्यो होला । तर लगानीकर्ताको निर्देशन पालना गरी कम्पनी सञ्चालनमा आफ्नो पदिय भुमिका निर्वाह गर्दा बैंक तथा वित्तिय संस्था सहकारीहरूलाई कम्पनीले चेक जारी गर्ने विभिन्न कारणहरू हुन सक्लान् भन्ने मेरो सामान्य बुझाई रहेको पनि हुनुपर्दछ । हिजोको परिस्थितिलाई आजको परिस्थितिको सुविधामा बसेर मुल्याङ्कन र विश्लेषण गर्नु अन्यायपूर्ण हुन्छ भन्ने मलाई लाग्दछ । यी वाहेकका अन्य रकम कम्पनीको नाउँमा जारी भएको चेक तथा अन्य कुनै माध्यमबाट भुक्तानी भए नभएको सम्बन्धमा मलाई जानकारी छैन । गरोखा मिडिया नेटवर्कलाई आवश्यक पर्ने उपकरण, सवारी साधन वा अन्य वस्तुहरूको खरिदको आर्थिक स्रोत व्यवस्थापन मेरो जिम्मावारीको विषय थिएन । यी वस्तुहरू एउटा कम्पनीलाई आवश्यक पर्ने वस्तुहरू हुन् । जसको स्रोत व्यवस्थापनको जिम्मेवारी

लागनीकर्ताको हो । मैले उल्लिखित लगायतका कुनै प्रयोजनका लागि सहकारीमा एकल वा संयुक्त खाता खोलेको छैन । त्यस्तो कार्यमा मेरो संलग्नता सहभागिता छैन । त्यसैले वित्तिय व्यवस्थापनसँग जोडिएको उल्लिखित खरिदमा म संलग्न छैन । भुक्तानीहरू कम्पनीले गरेको भए कार्यकारी अध्यक्षको निर्देशन बमोजिम भएको होला । त्यसको जानकारी मलाई भएन । कम्पनीका सवारी साधनहरू लगायतका कुनै पनि चिजवस्तुहरू मैले व्यक्तिगत रुपमा प्रयोग गरेको थिईन, छैन । मेरो कार्यकालमा कम्पनीमा नाउँमा गाडी, मोटरसाईकलहरू के कति थिए । यकिन सम्झना छैन । उक्त रकम गितेन्द्र बाबु राईबाट सम्झौता र समझदारी बमोजिम मेरो १५% स्वेट ईक्विटीको लागि लिइएको हो । उक्त रकम मलाई कुनै सहकारीबाट नभई गितेन्द्र बाबु राईको बैंक खाता मार्फत प्राप्त भएको हो । मलाई सम्झना भए सम्ममा भोली पल्टै उक्त रकम गोरखा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको बैंक खातामा जम्मा गरेको हुँ । मैले सहकारीबाट एक रूपैयाँ लिएको छैन र मैले गोरखा मिडिया छोडेर जाँदा एक पैसा लगेको छैन। मेरो खातामा आएको पैसा कुनै सहकारीबाट आएको होइन भन्ने कुरा सवालले नै स्पष्ट पारेको छ भने यसको प्रमाण मिसिल संलग्नता रहेको मेरो बैंक खाताको स्टेटमेण्टबाट स्पष्ट छ । यसले म गोरखा मिडिया नेटवर्कमा आफ्नो लगानी लगाएर भित्रिएको लगानीकर्ता अथवा शेयर सदस्य होइन भन्ने कुरालाई थप पुष्टि गर्छ । मैले सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कुनै काम गरेको छैन, मेरो पेटमा सहकारीको एक रूपैयाँ परेको पनि छैन। त्यतिन्जेलसम्म मलाई गितेन्द्र बाबु राईको कुनै सहकारी छ भन्ने कुनै जानकारी समेत थिएन । गितेन्द्र बाबु राई विभिन्न कम्पनी चलाएका व्यक्ति हुन्, उनका नेचर हर्ब्स, नेचर नेष्ट जस्ता बहुराष्ट्रिय कम्पनीहरू छन् भन्ने बुझें, उनको आर्थिक हैसियत अत्यन्त सवल रहेको बुझें। त्यति बेलासम्म कुनै किसिमको विवादमा पनि परेको मैले पाईन। कम्पनीमा म आउनु अगाडी नै छविलाल जोशी र गितेन्द्र बाबु राईलेस्थापना गरेर सञ्चालन गर्ने छलफल, निर्णय भई सकेको थियो। टेलिभिजन खोल्ने प्रारम्भिक योजनामा समेत मेरो संलग्नता छैन । खोल्ने निर्णय गरिएको टेलिभिजन कम्पनीमा म आफ्नो विज्ञता, लोकप्रियता र सर्तहरू सहित जोडिएको हुँ । छविलाल जोशीको खातामा गितेन्द्र बाबु राईबाट आएको भनिएको रकमको सम्बन्धमा मलाई कुनै थाहा जानकारी छैन । यस सम्बन्धमा मैले संसदीय छानिविन समितिले गरेको बयानमा समेत स्पष्ट पारिसकेको छु । सो बयान समेत मिसिल समावेश रहेको हुँदा उक्त बयानबाट पनि थप पुष्टी हुन्छ । स्वेट ईक्विटी बारे स्पष्ट कानुनी प्रावधान नभएका कारणले प्रबन्धपत्र नियमावलीमा उक्त कुरा उल्लेख नभएको हुनुपर्छ । म सँग भएको सम्झौता सहमति कार्यान्वयन गर्नकै लागि वोर्ड बैठक बसी मेरो १५% शेयर सुनिश्चित गरिएको हो । तर कानुनी अस्पष्टताका कारण आवश्यक कागजपत्रहरूमा हस्ताक्षर भएको भए पनि मैले पैसा लिएको दिएको होइन । स्वेट शेयरको अभ्यास प्रचलनमा भएकै अभ्यास हो । कयौँ कलाकार, पत्रकार, खेलाडी, सफ्टवेयर ईन्जिनियर, IT विज्ञ, सफ्टवेयर प्रोग्रामरहरू आफ्नो विज्ञतालाई लगानी मान्दै कम्पनीहरूमा जोडिने गरेका छन् । आम अभ्यासमा भएको यो कुरा सबैलाई जानकारी भए पनि कागजी रुपमा यीनै प्रक्रियाबाट सहभागी हुनुपर्ने अवस्था छ । यो यथार्थ कसैबाट लुकेको छैन । यस्तो प्रक्रियामा मैले कुनै पनि कागजात फर्जी वा कीर्ते गरेको छैन । मेरो शेयर कागजमा आयो र कागजमा नै गयो । मेरो बैंक खातामा पनि एक पैसा आएन । जसको प्रमाण स्वरुप ग्लोवल आइएमई बैंकको पत्र बयान साथ आवश्यक परे पेश गर्नेछु । संसदीय छानविन समितिको प्रतिवेदनले यो सवालमा प्रष्ट समेत पारिसकेको छ । माथिल्ला सवालमा मैले स्पष्ट

परे बमोजिम उक्त शेयर हस्तानान्तरण गर्ने प्रक्रियामा मेरो नामको अगाडि भएको हस्ताक्षर औठाछाप मैले नै गरेको हस्ताक्षर औठाछापहरू हुन्। तर सो शेयरहरू बिक्री गरे वापत मेरो खातामा एक पैसा पनि आएको होईन। प्रमाण स्वरुप बैंकले उपलब्ध गराएको पत्र एवम् मिसिल संलग्न मेरो बैंक स्टेटमेण्ट हेर्न सकिन्छ। मैले ग्यालेक्सी टेलिभिजनमा प्रसारण हुने आफ्नो कार्यक्रमको पहिलो भागमा र गोरखा मिडियाबाट विदा भएर जाँदाको अन्तिम भागमा आम नागरिकलाई समेत यो कुरा स्पष्ट पारेको छु। कम्पनीले लेखा परीक्षण प्रतिवेदन मार्फत प्रमाणित गरेको दस्तावेज आधिकारिक हुन्छ। त्यस्ता दस्तावेजमा प्रश्न उठ्दा सम्बन्धित लेखा परीक्षण कम्पनी जवाफदेही हुनुपर्दछ भन्ने मेरो बुझाई हो।

आर्थिक वर्ष ०७७।०७८ को प्रतिवेदनमा कम्पनीमा आएको लगानी कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईबाट प्राप्त व्यक्तिगत ऋण भन्ने उल्लेख छ। यसलाई सघाउने पत्र पनि प्रतिवेदन साथ संलग्न छ। आर्थिक वर्ष ०७८।०७९ को लेखापरिक्षणको बारे मलाई जानकारी छैन। कम्पनीमा जिम्मेवार रहँदा मैले कम्पनीको अहित हुने र आफूलाई गैह्रकानूनी व्यक्तिगत लाभ हुने कार्य गरेको छैन। मैले अत्यन्तै मेहिनेत गरी दिनरात नभनी काम गरेका कारण नेपाली टेलिभिजनको ईतिहासमा त्यति छोटो अवधीमा त्यति ठूलो गुणस्तरको टेलिभिजन कम्पनी त्यति लोकप्रियताका साथ प्रसारणमा आयो। मैले आफूले आर्जन गरेको सम्पुर्ण सामाजिक पुँजी यस टेलिभिजनमा लगाएको थिएँ। फलस्वरुप पहिलो वर्षमा नै यस टेलिभिजनले निकै ठूलो आम्दानी समेत गरेको थियो। निजी क्षेत्र विश्वासमा चल्छ र निजी क्षेत्रमा छिटो नतिजा निकाल्न प्रक्रियागत झन्झटहरूलाई सके सम्म वेवास्ता गरिन्छ। त्यस वाहेक कार्यकारी अध्यक्षको मौखिक निर्देशन समेतको भुमिका निकै ठुलो हुन्छ। यसै कारण संसार भर तुलनात्मक रुपमा सरकारी निकाय भन्दा निजी क्षेत्रले छिटो नतिजा निकाल्दछ। यस भन्दा वाहेक कम्पनी ऐनको परिधि भन्दा बाहिर गएर मैले आफ्नो कार्यकाल भरी कुनै पनि काम गरे गराएको छैन। सहकारी संस्था बचत रकम दुरुपयोग सम्वन्धी, संसदीय विशेष छानबिन प्रतिवेदन, २०८१ अनुसार नै सवाल सोधिएको तथा पछिल्लो अनुसन्धान पनि यसै प्रतिवेदनलाई आधार मानी त्यसको कार्यान्वयन भईरहेको हुँदा यसै प्रतिवेदनको पृष्ठ ४४९ मा लेखिएको निष्कर्ष सहितको विवरण पुन: उल्लेख गर्न चहान्छु। उक्त निष्कर्षमा स्पष्ट पारिएको छ की सहकारीहरूबाट गोरखा मिडियामा बचत रकम ल्याउने सम्पुर्ण प्रक्रियामा मेरो संलग्नता छैन तर आएको रकम परिचालनमा जवाफदेही वा जिम्मेवार भएकाले प्रचलित कानून बमोजिम गर्नु। यसले प्रष्ट पार्छ की सहकारीको बचत अपचलनमा मेरो कुनै पनि भुमिका छैन। मैले आर्जन गरेको रकम सहमति सम्झौता अनुरुप मेहेनत र परिश्रमका माध्यमबाट मात्रै हो। मलाई गोरखा मिडियामा आएको रकम कसूर गरी आएको भन्ने सम्बन्धमा थाहा जानकारी नभएको र संसदीय छानविन प्रतिवेदनले पनि सहकारीबाट रकम ल्याउने काम म बाट नभएको प्रष्ट पारेकाले मैले तलव सुविधा एवम् सहमति सम्झौता बमोजिम प्राप्त गरेको सम्पुर्ण रकम विशुद्ध पारिश्रमिक वापत प्राप्त गरेको हुँ। कुनै कसूरबाट प्राप्त गरेको रकम होईन। गोर्खा मिडिया नेटवर्क प्रा.लि.को FY 2077/78 मा A.B.S. & Associates chartered Accountants  CA बिशेष बिभु आचार्यद्वारा 2021/12/04 मा तयार गरीएको आधिकारिक लेखा परिक्षण प्रतिवेदनमा रवि लामिछाने ( Managing Director) को नामको अगाडि भएको हस्ताक्षर मेरो हो। निकिता पौडेल मेरी श्रीमति हुनुका साथै एक स्थापित संचार उद्यमीका रुपमा विगत १५ वर्ष देखि परिचित व्यक्ति समेत हुन्। उनका विभिन्न कम्पनीहरू

लामो समय देखि सक्रिय छन् । शुरुवाती चरणमा गोरखा मिडिया नेटवर्कले अर्डर गरेको उपकरणहरू नआई पुग्दा र स्टुडियो नवनिसक्दा उनको नेतृत्वमा रहेको टिभी फिल्मी च्यानलबाट उपकरण र जनशक्ति ल्याईएको थियो । यसको जानकारी स्थापनाकालका कर्मचारीहरूलाई समेत छ । यस किसिमको कन्सल्टेन्सीका आलावा गोपी कृष्ण मुभिज प्रा.लि. र गोरखा मिडिया नेटवर्क प्रा.लि. विच गोपी कृष्ण मुभिज प्रा.लि. को लाईसेन्स अन्तर्गत रहेको रेडियो फिल्मिलाई रेडियो ग्यालेक्सीको रुपमा परिणत गर्ने लिखित सहमति भएको थियो । सहमति पछि नै गोपी कृष्ण मुभिजले रेडियो फिल्मिलाई रेडियो ग्यालेक्सीमा रुपन्तरण गर्न बाग्मत्ति प्रदेश अन्तर्गतको सञ्चार रजिष्ट्रारको कार्यालय लगायतका कार्यालयमा कल साईन परिवर्तन गरी ग्यालेक्सी रेडियो बनाउने प्रक्रिया थाल्यो र प्रक्रिया सम्पन्न भई कल साईन समेत परिवर्तन गरिएको ईजाजतपत्र प्राप्त गरी रेडियोको सम्पुर्ण उपकरण ग्यालेक्सी टेलिभिजनको कार्यालयमा स्थानान्तरण गऱ्यो । रेडियोको टावर अहिले पनि ग्यालेक्सी टेलिभिजनको भवनको छतमा यथावत छ । सो सहमति कार्यान्वयनको चरणमा रहँदा रेडियो भाडामा लिने की खरिद गर्ने भन्ने छलफल चलेको थियो । यही क्रममा गोपिकृष्ण मुभिज प्रा.लि. को तत्कालिन अध्यक्ष समेत रहेकी निकिता पौडेललाई पेश्की वा भुक्तानी दिएको हुनुपर्छ अथवा त्यस वाहेकका केही भुक्तानी म सँगको हिसाव किताब मिलाउन सकिने आत्म विश्वासका साथ पनि भएको पनि हुनसक्छ । मैले कम्पनी छोड्दा लिनु दिनु केहीँ बाँकी नरहने गरी आफ्नो र आफ्नो मातहतको सम्पुर्ण हिसावकिताव फरफारक गरी कम्पनी छोडेको हुनाले केहीँ लेनदेन बाँकी भएको छैन । चेक भौचरमा Cunsultancy Fee उल्लेख गरिएको कुराको जानकारी लिन अन्य यस सँग सम्बन्धित कागजात हेर्नु पर्छ । आन्तरिक हिसावमा विभिन्न शिर्षक राखिने प्रचलन हुन्छ । मैले माथी भने जस्तै टिभि फिल्मिले उपकरण र जनशक्ति धेँरै लामो समय सम्म गोरखा मिडियालाई उपलब्ध गराएको थियो । त्यसै भएर सहजताका लागि वा अन्य कुनै कारणले कन्सल्टेन्सी लेखिएको पो हो की । मलाई सम्झना र जानकारी भएन। चेकका हस्ताक्षरकर्ताहरू छविलाल जोशी र लक्ष्मी प्रसाद पौडेल हुन् भन्ने मलाई लाग्छ । अन्य देखाएको चेकहरू मध्ये ९,९९,०००।– (अक्षरुपी नौ लाख उनान्सय हजार ) को चेक स्वयम् लक्ष्मी प्रसाद पौडेलले नै भुक्तानी लगेको देखिन्छ । सो बारे कुनै लेनदेन थियो वा के थियो मलाई जानकारी छैन । सोही बमोजिम विभिन्न कार्य गरी कानून बमोजिम आय आर्जन ऋणधन लगायतका कारोबारहरू उनको खातामा भएका होलान् । खाताको सम्पुर्ण विवरण मलाई थाहा हुने कुरा भएन । मेरो औपचारिक नियुक्ति भन्दा अगाडी नै भएको कारोबार जस्तो देखिएकाले पनि मलाई विस्तृत थाहा जानकारी भएन । गोपीकृष्ण मुभिज प्रा.लि. र गोरखा मिडिया प्रा.लि. विच २०७७।१२।२२ मा सहमति भएको र त्यो सहमति कार्यान्वयनको चरणमा रहँदा पेश्की स्वरुप वा म सँगको हिसाव मिलाउन सकिने आत्मविश्वास साथ गरिएको भुक्तानी हुनुपर्छ भनेर उल्लेख गरी सकेकै छु । बागमति प्रदेश सञ्चार रजिष्टारको कार्यालयले उपलब्ध गराएको ईजाजतपत्रमा गोपीकृष्ण एफ.एम. को कल साईन परिवर्तन गरी ग्यालेक्सी एफ.एम.मा रुपान्तरण हुने निर्णय सहितको पत्र मिसिल साथ संलग्न नै होला । नभए आवश्यकता अनुसार उपलब्ध गराउने नै छु । काठमाडौंमा रेडियोको लाईसेन्सका लागि नयाँ Frequency उपलब्ध छैन । यसर्थ यस किसिमको क्षमता भएको रेडियको लाईसेन्सको बजार मुल्य मैले बुझे अनुसार गोपीकृष्ण मुभिजले भुक्तानी स्वरुप प्राप्त गरेको रकम भन्दा बढी नै हुन आउछ । त्यसैले उक्त समझौतालाई कार्यान्वयन गर्न गोपीकृष्ण मुभिजले आफ्नो

रेडियो स्टेशन कल साईन सहित औपचारिक रुपमा उपलब्ध गराए सँगै गोरखा मिडिया नेटवर्कले पनि किस्ता किस्तामा भुक्तानी दिन शुरु गरेको हुनुपर्छ । प्रस्तुत चेकहरू यीनै प्रक्रियाका लागि जारी भएका हुन् भन्ने मलाई लाग्छ । सम्बन्धित कागजातहरू उपलब्ध नभएको र पुरानो विषय भएकाले सबै सम्झना हुन सकेन । गोरखा मिडिया नेटवर्कले अन्तराष्ट्रिय समाचार एजेन्सीहरू, स्याटलाईट कम्पनी लगायतका कम्पनीहरूसँग समझौताहरू गरेको थियो । तीनै मध्येका प्रयोजनको लागि गोरखा मिडिया नेटवर्कको ग्लोबल आइएमई बैंक लि. मार्फत भुक्तानीहरू गरेको हुनुपर्छ । वित्तिय व्यवस्थापकलाई यसको विस्तृत जानकारी होला । LAO ASIA PACIFIC SATELLITE COMPANY LIMITED गोरखा मिडियाले समझौता गरेको स्याटलाईट कम्पनी हो । प्रक्रिया पुरा गरी तिर्नु पर्ने दस्तुर तिर्ने दायित्व निर्वाह गरिएको हुनुपर्छ । मलाई अहिले सम्झना छैन ।माथी उल्लिखित रकमरु. ७५,१०,००२.०६।-(पचहत्तर लाख दश हजार दुई रुपैया र छ पैसा) मात्र सोही भुक्तानी गर्दा दिएको रकम हुनुपर्दछ । गोरखा मिडिया नेटवर्कका लगानीकर्ता गितेन्द्र बाबु राई हुन् । मैले गोरखा मिडिया नेटवर्कमा निक्षेप गरेको रकम निजको व्यक्तिगत खाताबाट आएको, अर्का साझेदार छविलाल जोशीले गोरखा मिडियामा निक्षेप गरेको रकम पनि निज गितेन्द्र बाबु राइको व्यक्तिगत खाताबाट आएको भनिएको, निज गितेन्द्र बाबु राईले टेलिभिजनको उद्घघाटनमा समेत आफू लगानीकर्ता रहेको भनि स्पष्ट पारेको, कम्पनीको लेखा परीक्षण प्रतिवेदनमा पनि कम्पनीका लागी आवश्यक ऋण निज गितेन्द्र बाबु राई बाट नै Short term loan भनि प्रमाणित भएको लगायतका कारणले एउटा कुरा स्पष्ट हुन्छ की यस गोरखा मिडिया नेटवर्कका लगानीकर्ता गितेन्द्र बाबु राई नै हुन् । म यस कम्पनीको लागनीकर्ता होईन । मैले कहीँ कतैबाट कुनै स्रोतबाट पनि गोरखा मिडिया नेटवर्कमा लगानी ल्याएको छैन । गोरखा मिडिया नेटवर्कमा मेरो कार्यकालमा आएको रकम सहकारीबाट आएको भन्ने कुराको कुनै आधिकारिक जानकारी मलाइ थिएन । मेरो कार्यकालमा आएको रकमको स्रोत कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईबाट प्राप्त निर्व्याजी ऋण हो भन्ने कुरा लेखापरीक्षण प्रतिवेदनले उल्लेख गरेको छ । अहिले विभिन्न अनुसन्धान एवम् संसदीय छानविन समिति समेतको प्रतिवेदनले सहकारीहरूबाट गोरखा मिडिया लगायतका कम्पनीहरूमा रकम गएको भन्ने तथ्यहरू सार्वजनिक भईरहेका छन् । बचतकर्ताको रकम फिर्ता गर्न सहकारीबाट ऐन विपरितका क्रियाकलाप गरी बचत रकम अपचलन गर्ने व्यक्तिहरूको निजी सम्पत्तिबाट समेत असुल उपर गरिनुपर्छ । सहकारीको रकम अपचलनमा मेरो संलग्नता नभएको पुष्टी भएकै छ । तर एक जिम्मेवार जनप्रतिनिधिको रुपमा म वचतकर्ताहरूको पक्षमा निरन्तर लडिरहेको छु र जव सम्म बचतकर्ताहरूले आफ्नो बचत फिर्ता पाउँदैनन् तब सम्म म र मेरो राजनीतिक दल लडिरहने छ । NEPAL BROADCASTING CHANNEL (NEWS 24) मा म कार्यरत हुँदा र छोड्दा सम्म मेरो कार्यक्रमको लोकप्रियता निकै बढी सकेको थियो । यसै बिचमा विभिन्न टेलिभिजन कम्पनीहरूले मेरो सर्वाधिकारमा सुरक्षित रहेको मेरो कार्यक्रमको ट्रेडमार्क **"सिधा कुरा जनता सँग"** का लागि मलाई केही करोड अग्रिम भुक्तानी, मासिक ८ देखि १२ लाख दिने लगायतका आकर्षक प्रस्तावहरू राखी आएका थिए । ती मध्ये गोरखा मिडिया नेटवर्कको प्रस्ताव मलाई ठिक लागी सहकार्यको लागि सहमत भएको हुँ । न्युज २४ टेलिभिजनमा रहँदा मेरो कार्यक्रमको सर्वाधिकार म सँगै थियो र कार्यक्रम र म आफू त्यति धेरै लोकप्रिय नभएको प्रारम्भिक अवस्था थियो । गोरखा मिडियामा आवद्ध हुँदा मैले आफ्नो ट्रेडमार्कमा रहेको कार्यक्रममा

आफ्नो दावी नलाग्ने गरी गोरखा मिडिया नेटवर्क प्रा.लि. लाई अधिकार प्रत्यायोजन समेत गरेको थिएँ। त्यस वापत मैले पाउनु पर्ने केही रकम विभिन्न समयमा विभिन्न तरिका र माध्यम मार्फत प्राप्त गरेता पनि म सँगको सहमति र सम्झौता पुर्ण रुपमा कार्यान्वयन हुन सकेन। तथापि कुनै गुनासो वा वादविवाद विना सहमतिमा म कम्पनीबाट औपचारिक रुपमा वाहिरिएको हुँ। यी विविध कारणले दुई कम्पनी विच मेरो आम्दानीमा फरक पर्न गएको हो। मिसिल संलग्न भौचरहरू बारे मलाई जानकारी छैन। मलाई देखाईएका यी भौचरहरूमा मेरो हस्ताक्षर पनि छैन। गोरखा मिडिया नेटवर्कले कुनै पनि सहकारीसँग ऋण लिने निर्णय मेरो कार्यकालमा मेरो सहभागिता वा जानकारीमा गरेको छैन। त्यसैले भौचरमा उल्लिखित कारोबार मबाट भएको होईन। मेरो हस्ताक्षर समेत नहुनु जस्तो कुराले यसलाई पुष्टी गर्छ। आफनो हस्ताक्षर समेत नभएको विषयमा मलाई थाहा जानकारी हुने कुरा भएन। लगानीकर्ता एवम् कार्यकारी अध्यक्षको निर्देशनमा भएका कारोबार रहेछन् भने त्यसको जानकारी उनैलाई होला। मलाई जानकारी छैन। चेकमा हुने हस्ताक्षरको प्रक्रियाहरू बारे मैले माथिल्ला सवालहरूमा स्पष्ट पारी नै सकेको छु। लेखा सम्बन्धी कार्यको पुर्ण नियन्त्रण कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईको हुने भएकोले त्यसमा मैले केही सोच्नु पर्ने अवस्था थिएन। प्राविधिक रुपमा चेकमा सहि गर्न म कहाँ चेकहरू ल्याईने भए पनि कम्पनीका लागनीकर्ताको मात्रै यसमा नियन्त्रण थियो। मलाई देखाईएको १५९७२१ नम्बरको जनरल भौचर संलग्न चेक बारे पनि म जानकार छैन। चेकको छाँयाकपीमा भएको हस्ताक्षर भने मेरै भएको देखिन्छ। म प्रवन्ध निर्देशक रहेको अवधी भर गोरखा मिडिया नेटवर्क प्रा.लि. मा उल्लिखित स्वर्ण लक्ष्मी वहुउदेश्यीय सहकारी लगायत कुनै पनि सहकारीबाट रकम ल्याउने निर्णय भएको थिएन। कार्यकारी अध्यक्षले कम्पनिलाई ब्यक्तिगत व्यवस्थापनबाट ऋण उपलब्ध गराएको कुरा आधिकारीक दस्तावेजहरूले वताउछन्। म स्वर्णलक्ष्मी वहुउदेश्यीय सहकारी संस्थाको कुनै पनि हैसियत र सम्बन्ध भएको ब्यक्ति नभएका कारणले उक्त सहकारी संस्थामा भए गरेका काम वारे जानकारी हुने कुरा भएन। उक्त सहकारीबाट गोरखा मिडियामा रकम आएको कुनै जानकारी, वोर्ड निर्णय एवं सुचना समेत कही कतै छैन्। यसैले यस कार्यमा मेरो संलग्नता मात्र होइन मलाई जानकारी समेत छैन। यसरी गलत तरिकाबाट र कुनै निर्णय र जानकारी विना वचतकर्ताको रकम गोरखा मिडिया लगायत अन्य कम्पनिमा लैजाने कार्यमा संलग्नहरू नै कानूनी रुपमा जिम्मेवार हुनुपर्छ र उनीहरूबाट नै वचतकर्ताको रकम असुल उपर गरिनुपर्छ। मेरो जिम्मेवारी मिडिया संचालनमा सिमीत रहेको कुरा मेरो नियुक्ति पत्र र मैले सार्वजनिक गरेका अभिब्यक्तिहरूले उतिवेला नै प्रष्ट पारी सकेको हुँनाले म यस विषयमा पूर्ण रुपमा निर्दोष छु। प्रचलित कानूनले पनि निर्दोषलाई बिना आधार बिना प्रमाण सजाय गर भन्दैन भन्ने मेरो बिश्वास हो। म एउटा टेलिभिजनबाट कार्यरत रहँदै गर्दा राम्रो अवसरको लागि अर्को टेलिभिजनमा जोडिएको व्यवसायिक सञ्चारकर्मी थिएँ। नयाँ टेलिभिजन खोल्ने योजना र उद्देश्य सहित छविलाल जोशी मार्फत मैले गितेन्द्र बाबु राईलाई चिनेको हुँ। त्यस अघि गितेन्द्र बाबु राई उनका सहकर्मी उनका कम्पनीहरू सँग मेरो कुनै किसिमको चिनजान सम्पर्क एवम् सम्बन्ध केही थिएन। मलाई जानकारी गराए अनुसार र मैले बुझे अनुसार गितेन्द्र बाबु राईको नेचर हर्वस् र नेचर नेष्ट जस्ता बहुराष्ट्रिय कम्पनी करिव सात वटा देशमा थिए। यिनै कम्पनी मार्फत राम्रो व्यापार व्यवसाय गरेका व्यक्तिका रुपमा उनलाई म सँग परिचय गराईयो। यसै टेलिभिजनको औपचारिक सुभारम्भ कार्यक्रममा तत्कालिन प्रधानमन्त्रीलाई साक्षी राखेर

गितेन्द्र बाबु राईले " मैले कुनै गलत कार्य गरी आय आर्जन गरेको छैन। म संलग्न दुई वटा कम्पनी नेचर हर्वस् र नेचर नेष्टको समेत जिम्मेवारीबाट अलग भई म केवल गोरखा मिडियामा मात्र आवद्ध हुन्छु" भनि सार्वजनिक अभिव्यक्ति दिएको कुरा प्रत्यक्ष प्रसारण समेत भएको थियो। यसले पनि मेरो विश्वासलाई थप प्रष्ट पारेको थियो, यी कम्पनी वाहेक अन्य संस्थाहरूमा गितेन्द्र बाबु राईको संलग्नता छैन। पछि सहकारी सम्बन्धी विवाद बढ्दै जाँदा मुद्दा समेत चली प्रतिवादी कुमार रम्तेल कारागार चलान भएको जानकारी पाएको थिएँ। आज भन्दा करिव ११ महिना अघि म वुटवल नारायणगढ यात्रा गर्ने क्रममा कुमार रम्तेलले मलाई कारागारबाट सम्पर्क गरेका थिए। उक्त वार्तालापमा उनले स्पष्ट पारेका छन् की सहकारीका विसयमा म पुर्ण रुपमा अनविज्ञ छु, मेरो सम्बन्ध मात्र ग्यालेक्सी सँग मात्र हो। सम्योगले उक्त कुराकानीको रेकर्डिङ म सँग सुरक्षित छ र मैले वयानका क्रममा उक्त रेकर्डिङ कास्की जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराएको छु । आवश्यक परे यस कार्यालयलाई समेत उपलब्ध गराउने छु । सम्मानित कास्की जिल्ला अदालतमा दायर भएको सुर्यदर्शन सहकारीको रकम मिनामिना गरेको सहकारी ऐनले परिभाषित ठगी सम्बन्धी कसूर मुद्दा ( मु.द.नं. ०८०-C१-०४२६ ) को बयानको क्रममा पनि निज कुमार रम्तेलले यस्तो कुरा उल्लेख गरेका छैनन् भन्ने जानकारी पाएको छु। अहिले आएर के कुन प्रलोभन र नियतले उनले यस्तो झुट्ठा बयान दिए, मलाई थाहा भएन। यसरी बयान फेरिनुले सड्यन्त्रणको संकेत गरेको छ। कुनै लाभको आशाले वा प्रतिशोध साधी यस किसिमको झुट्ठा बयान दिएको हुनुपर्छ भन्ने मेरो अनुमान हो। मैले गोरखा मिडिया नेटवर्क छोड्दा कुनै वादविवाद भएर, झैझगडा भएर, मुद्दा मामिला भएर छोडेको होईन। गितेन्द्र बाबु राईलाई मैले प्रस्ताव राखेको थिए की म राजनीतिमा प्रवेश गरे पनि आफ्नो कार्यक्रम नियमति रूपमा चलाउन सक्छु तर उनले आफै टेलिभिजनमा सक्रिय रहने भएकोले मलाई राजनीतिमा नै सक्रिय रहन सुझाव र शुभकामना दिएका थिए। यदि औपचारिक रुपमा सार्वजनिक कार्यक्रम गरी देश र जनतालाई थाहा दिई स्वयम् कुमार रम्तेल समेत सहभागी रहेर गोरखा मिडिया नेटवर्कका सम्पुर्ण कर्मचारीहरू भेला गरी गितेन्द्र बाबु राईले फुलमाला खादा लगाएर विदाई गरेका हुन् । यसरी सहमति र समझदारीमा हामीले विना विवाद सहयात्रा टुङ्ग्याएर कानुनी रुपमा समेत हरहिसाब बुझाएर बाहिरिएको विषयलाई अन्यथा भन्न मिल्दैन। कुनै पनि आधार कारण र प्रमाण विना म जस्ता धैरै मानिसको नाम दुरुपयोग भई सहकारीहरूमा रकम अपचलन गर्ने कार्य गितेन्द्र बाबु राई लगायतकाहरूले गरेको कुरा विभिन्न अनुसन्धानहरूबाट खुल्दै आएको छ।

मलाई केन्द्र विन्दुमा राखी सहकारी ठगीमा मेरो संलग्नता छ की भनि छानविन गर्न राज्यका सम्पुर्ण निकाय संम्मिलित संसदीय छानविन समिति समेत वन्यो । उक्त समितिमा सम्बन्धित बैंकहरू, राष्ट्र बैंक, सहकारी बोर्ड, सहकारी विभाग, सहकारी मन्त्रालय, विभिन्न चार्टर एकाउण्टेण्ट, कारागारमा समेत रहेका मानिसहरू, नेपाल प्रहरी, संघिय संसदहरू लगायतका सम्पुर्ण निकायहरू सहभागी भई आफ्नो सम्पुर्ण स्रोत साधन विज्ञता, समक्षता लगायर १२०० पृष्ठको प्रतिवेदन निकालियो। त्यसको निष्कर्षले समेत प्रष्ट पाऱ्यो र भन्यो की सहकारीको रकम गोरखा मिडियामा ल्याउने सम्पुर्ण प्रक्रियामा मेरो संलग्नता छैन। न कहीँ प्रमाण छन् न प्रतिवेदनमा उल्लेख छ न मलाई सहकारीमा गएको देख्ने भेट्ने कोहीँ एक जना भेटिन्छन्। मेरो टेलिभिजन कार्यकालमा देश भरका अनगिन्ति सहकारी पीडितहरू गुनासो गर्न आए, अनगिन्ति गुनासोकर्तालाई तीनको

बचत फिर्ता गराउँन मद्दत गरे। म टेलिभिजनमा रहुञ्जेल यस स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लगायतका कोही एक जना पनि कुनै दिन गुनासो गर्न आएनन् । मैले सार्वजनिक रुपमा अपिल गरी यस टेलिभिजनका सञ्चालकहरूको उजुरी गुनासो भए र उक्त आधारमा यी सञ्चालकहरू गलत प्रमाणित भए एक मिनेट भित्र की म ग्यालेक्सीमा हुनन् की उनीहरू ग्यालेक्सीमा हुँदैनन् भनेको थिएँ । मैले टेलिभिजन छोडेको लामो समय सम्म त्यस्तो एउटा मानिस पनि भेटिन । मैले अन्य सञ्चार माध्यमहरूलाई समेत ग्यालेक्सीका सञ्चालकहरू बारे गलत भेटिए समाचार बनाउन अपिल गरेको थिएँ । आज दिन दिनै हेडलाईन बनाउने एउटा पनि सञ्चार माध्यमले गैह्रकानुनी रुपमा सहकारीबाट आएको पैसाले ग्यालेक्सी टिभि खुलेको समाचार लेखेनन् । सार्वजनिक जीवन बाँचेको म जस्तो एक सामान्य सञ्चारकर्मीले सहकारीबाट रकम आएको थाहा पाउने अरु के आधार हुन सक्छन् । त्यसैले यो विषयमा म पीडित हुँ । झण्डै डेढ वर्ष देखि आफुले नगरेको अपराधको आरोपमा मेरो प्रतिष्ठा धुलिसाथ पार्ने काम निरन्तर चलिरहेको छ । म यो आरोपको कुन मानसिकता र मनोवलका साथ सामना गरिरहेको छु भन्ने कुराको अन्दाज मलाई नै छैन। त्यसैले म निर्दोष छु । यति हुँदा हुँदै पनि सहकारी पीडितका लागि सबै भन्दा प्रभावकारी काम गर्ने हिजोको सञ्चारकर्मी र आजको जन प्रतिनिधि म नै हुँ । फरार गितेन्द्र बाबु राईलाई नेपाल ल्याउन दुई दुई पटक मलेसियाका गृह मन्त्रीसँग संवाद गर्ने पनि म नै हुँ । उनको पासपोर्ट रद्द समेत गरेर नेपाल ल्याउन सकिन्छ की भनेर सम्मानित कास्की जिल्ला अदालतमा निवेदन दिन निर्देशन दिने गृहमन्त्री पनि म नै हुँ । गितेन्द्र बाबु राईलाई आकाशमा भए पनि पातलमा भए पनि ल्याउछौँ भन्ने गृहमन्त्री पनि म नै हुँ । अनि सहकारी ठगीको निराधार आरोप खेपेर झुट्ठा मुद्दामा हिरासतको समय थपिदै जिल्ला जिल्ला बयान दिदै हिड्ने पीडित पनि म नै हुँ । यी नै आधारबाट सहकारीमा भएको अपचलनको म बाट भन्ने आरोप निराधार र पुष्ट्याई नहुने प्रष्ट छ । दोषी जो जो हुन् उनीहरूलाई कानुनी दायरमा ल्याई उनीहरूबाट नै असुल उपर गरी पीडितको रकम फिर्ता गरिनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी रवि लामिछानेको बयान ।

**निम्नः**


**प्रतिवादीहरूको संयुक्त बचत खाताको विवरण:-**

| S.N. | FullName | A/C NO | AddresInfo | Mobile | Balance |
|---|---|---|---|---|---|
| 1457 | Gitendra Babu  Rai/Rabi Lamichhane | 001-001-01-0013639 | Sunkoshi,Sunkoshi,1 | 0 | 204,121.69 |

**स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. को GCS Banking software मा देखिएको रवि र जिविको संयुक्त ऋण खाता:**

| S. N. | FULLNAME | LOAN A/C | LOAN_DATE | EXP_DATE | DISBURSMEMENT | BALANCE | RATE | REMARKS |
|---|---|---|---|---|---|---|---|---|
| 86 | Gitendra Babu Rai / Rabi Lamichhane | 001-001-110-0004379 | 4/5/2078 | 4/3/2083 | 4,698,000.00 | 3,221,633.51 | 14.7 | four wheeler loan |
| 88 | Gitendra Babu Rai/Rabi Lamichhane | 001-001-110-0004377 | 1/9/2078 | 1/8/2083 | 4,648,000.00 | 2,952,436.39 | 14.75 | eco 7 seater van |

**गोरखा मिडिया नेटवर्क प्रा.लि. को global bank को KYC मा रहेको हस्ताक्षर नमूना प्रतिवादी रवि**


Global IME Bank
Account Type: Current
Account No. 04 01 01 0000577
Account Name: GORKHA MEDIA NETWORK PVT LTD
Name: RABI LAMICHHANE
Instructions (In CAPITAL Letters): ANY ONE SIGN AMONG THREE WITH STAMP
Scanned by
Verified by
Approved by

**लामिछानेको नाउँबाट रेमिटेन्स मार्फत विदेश भुक्तानी गरिएको रकमको विवरण:**

| Trans. Date | Source Party | Description | Amount Local |
|---|---|---|---|
| 11/9/2021 | 0401010000577 | Remittance ID: (040RS2199343): LODGE AND REALISE | 1,782,000.00 |
| 11/9/2021 | 0401010000577 | Remittance ID: (040RS2199343): LODGE Miscelleneous 1 | 3,564.00 |
| 11/9/2021 | 0401010000577 | Remittance ID: (040RS2199343): LODGE AND REALISE 1 A | 1,000.00 |
| 3/13/2022 | 0401010000577 | Remittance ID: (040RS22000107697): LODGE AND REA | 2,211,300.00 |
| 3/13/2022 | 0401010000577 | Remittance ID: (040RS22000107697): Miscelleneous | 1,000.00 |
| 3/13/2022 | 0401010000577 | Remittance ID: (040RS22000107697): Miscelleneous | 4422.60 |
| 3/27/2022 | 0401010000577 | Remittance ID: (040RS22000109052.): LODGE AND REALISE | 2,195,100.00 |
| 9/30/2022 | 00401010000577 | Remittance ID: (040RS2200120579): LODGE AND REALISE | 1,308,000.00 |
| 9/30/2022 | 00401010000577 | Remittance ID: (040RS2200120579): Miscelleneous | 2,616.00 |
| 9/30/2022 | 00401010000577 | Remittance ID: (040RS2200120579): Miscelleneous | 1,000.00 |
| | | जम्मा कारोबार रकम | ७५,१०,००२.०६।- ( पचहत्तर लाख दश हजार दुई रुपैया र छ पैसा मात्र ) |